जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २८ •अंक ८ • २०८३ साल जेठ १४ गते बिहीबार (28 May, Thursday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

# मधेशको अस्थिर राजनीतिमा रौतहटको 'ज्याकपोट'



**दिलिप पाण्डे**

गौर । मधेश प्रदेशमा लगातार सत्ता समीकरण परिवर्तन भइरहेको बेला रौतहट जिल्ला भने राजनीतिक रूपमा सबैभन्दा लाभान्वित बनेको छ । दोस्रो प्रदेशसभा निर्वाचनपछि हालसम्म रौतहटका प्रत्यक्ष निर्वाचित सबै प्रदेशसभा सदस्यहरू सरकारमा सहभागी भएका छन् ।

चार वर्ष नपुग्दै मधेश प्रदेशमा पाँचजना मुख्यमन्त्री फेरिसकिएको छ । यही राजनीतिक अस्थिरताबीच रौतहटका नेताहरू सत्ताको केन्द्रमा पुग्न सफल भएका हुन् ।

नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता कृष्ण प्रसाद यादव मुख्यमन्त्री रहेकै बेला रौतहटकै युवराज भट्टराई अर्थमन्त्री, कनिष पटेल उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री र नागेन्द्र साह स्वास्थ्य तथा जनसंख्या मन्त्री बनेका छन् । १२ सदस्यीय मन्त्रिमण्डलमा मुख्यमन्त्री सहित रौतहट जिल्लाका मात्र ४ जना छन् ।

मुख्यमन्त्री यादव र स्वास्थ्य मन्त्री साह एउटै संसदीय निर्वाचन क्षेत्रको प्रदेश सभा 'क' र 'ख' बाट सांसद छन् । दुबै जना नेपाली कांग्रेसबाट निर्वाचित छन् ।

एउटै जिल्लाबाट ४ जना सरकारमा रहेको बेला सप्तरी र सर्लाही जिल्ला मन्त्रिविहीन बनेको छ । सर्लाही जिल्लाबाट नेपाली कांग्रेसका जंगीलाल राय स्वास्थ्य तथा जनसंख्या मन्त्री रहेका थिए। उनलाई बर्खास्त गरी रौतहटका साहलाई सो मन्त्रालय दिएको छ।

यसअघि जितेन्द्र यादव अर्थमन्त्री बनिसकेका छन् भने मोहम्मद जैद आलम, केशव चौधरी र शेख अबुलकलाम आजादले राज्यमन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन्।

मधेश प्रदेशको राजनीतिक अस्थिरताले प्रदेश सरकारलाई कमजोर बनाइरहेका बेला रौतहटले भने यही परिस्थितिलाई राजनीतिक अवसरमा रूपान्तरण गरेको टिप्पणी हुन थालेको छ।

तीन दलीय गठबन्धन सरकारमा मुख्यमन्त्री सहित कांग्रेसको ४, एमालेको ४ र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) को ४ जना मन्त्री रहेका छन्।

सबै भन्दा प्रभावशाली मन्त्रालयहरु मध्येको अर्थ र उर्जा, सिचाइँ तथा खानेपानी नेकपाको भागमा परेको छ। भौतिक पूर्वाधार विकास र शिक्षा तथा संस्कृति मन्त्रालय एमालेको भागमा रहेको छ। कांग्रेसले मुख्यमन्त्री र स्वास्थ्य मन्त्रालयमा चित्त बुझाएको छ।

सरकार विस्तारमा मुख्यमन्त्रीले जिल्लागत र जातिगत सन्तुलन मिलाउन नसकेको आरोप लागेको छ । महिलाको संख्या एक मात्र छ। एमालेले एक जना महिलालाई सरकारमा पठाएपनि अन्य दलहरुले उपेक्षा गरेको छ।

मन्त्रिमण्डल विस्तारमा सन्तुलन नमिलेको भन्दै नेपाली कांग्रेस र नेकपामा तिव्र असन्तुष्टि देखिएको छ।

## जेन-जी आन्दोलनबारे प्रतिवेदन सार्वजनिक

# रास्वपाका सभापतिदेखि १५ सांसदलाई कारबाही सिफारिस, सेनाको भूमिका शंकास्पद

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय मानव अधिकार आयोगले जेन-जी आन्दोलनसंग सम्बन्धित अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्दै विभिन्न राजनीतिक नेता, अभियन्ता तथा सार्वजनिक प्रभाव भएका व्यक्तिहरूको भूमिकामाथि थप छानबिन आवश्यक रहेको जनाएको छ । सो प्रतिवेदन सार्वजनिक गरिएसंगै सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा), बालेन्द्र साह नेतृत्वको सरकार, नेपाली सेनासमेत तरंगित भएको छ।



आयोगका अनुसार आन्दोलनका क्रममा सार्वजनिक रूपमा व्यक्त गरिएका भनाइ, गतिविधि र संलग्नताले प्रदर्शनको अवस्थामाथि कस्तो प्रभाव पारेको थियो भन्ने विषय थप अध्ययनको दायरामा राख्नुपर्ने देखिएको छ।

प्रतिवेदनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केही नेता तथा सांसदहरूको नाम पनि उल्लेख गरिएको छ । सूचीमा गणेश कार्की, सुलभ खरेल, बब्लु गुप्ता, डा. तोषिमा कार्की, मनिष झा र हरि ढकाल, सुधन गुरुंगलगायतका नाम समावेश छन् ।

त्यस्तै सार्वजनिक व्यक्तित्वतर्फ सिसन बानियाँ, निश्चल बस्नेत, रवि किरण हमाल, भाग्य न्यौपाने, दुर्गा प्रसाईं र हिमानी राज्य लक्ष्मी सिंहलगायतको नाम पनि प्रतिवेदनमा उल्लेख गरिएको छ।

आयोगले जेन-जी आन्दोलनका क्रममा नख्खु कारागार बाट कैदीबन्दी भागेको घटनामा रास्वपाका प्रवक्तासमेत रहेका सांसद मनिष झा र हरि ढकाललाई अनुसन्धानको दायरामा ल्याउनुपर्ने उल्लेख गरेको छ। प्रतिवेदनमा उनीहरूको भूमिका र संलग्नताबारे अनुसन्धान गरी कानुनअनुसार कारबाही गर्न सिफारिस गरिएको छ।

रास्वपा सभापति रवि लामिछाने लाई कारागारबाट बाहिर निकाल्ने प्रक्रिया तथा त्यसपछिका घटनाक्रममा उनीहरूको उपस्थिति र भूमिकाका कारण उनीहरू अनुसन्धानको घेरामा परेको आयोगको निष्कर्ष छ।

आयोगकी सदस्य डा. लिली थापा को संयोजकत्वमा गठित समितिले बुधबार सार्वजनिक गरेको प्रतिवेदनमा रवि लामिछानेमाथि पनि कारबाही सिफारिस गरिएको छ।

आयोगले आन्दोलनका सम्बन्धमा निवर्तमान प्रधानमन्त्री सुशीला कार्कीमाथि पनि सूक्ष्म अनुसन्धान गर्न सिफारिस गरेको छ।

प्रतिवेदनमा नेपाली सेनाको भूमिकामाथि पनि प्रश्न उठाइएको छ। आयोगले आन्दोलनका क्रममा सेनाको भूमिका शंकास्पद रहेको तथा अनुसन्धान प्रक्रियामा समेत सेनाबाट असहयोग भएको दाबी गरेको छ।

आयोगले सिंहदरबार र राष्ट्रपति भवनको सुरक्षा जोगाउन सेना प्रभावकारी रूपमा परिचालन नभएको विषयमा पनि प्रश्न उठाएको छ।

सेनाले भदौ २३ र २४ गते सरकारले निर्णय नगरेकाले सेना परिचालन हुन नसकेको जवाफ दिएको भए पनि भदौ २४ राति १० बजे कुन आदेशमा परिचालन गरिएको भन्ने स्पष्ट नपारेको आयोगको भनाइ छ । आयोगले सेनाको जवाफमा एकरूपता नदेखिएको टिप्पणी गरेको छ।

यसक्रममा आयोगले प्रधानसेनापति अशोकराज सिग्देललाई भविष्यमा यस्ता घटनामा संवेदनशील हुन तथा मानवअधिकार संरक्षणप्रति सचेत रहन निर्देशन दिएको जनाएको छ। साथै सिंहदरबार र राष्ट्रपति निवासमा रहेका गणपतिलाई पनि सचेत गराउन भनिएको छ।

त्यसैगरी आन्दोलनसम्बन्धी घटनाको छानबिनगर्नसरकारलेगठनगरेकोउच्चस्तरीय जाँचबुझ आयोगका अध्यक्षमाथि समेत अनुसन्धान गर्न मानवअधिकार आयोगले सिफारिस गरेको छ।

प्रतिवेदनमा कार्कीले आन्दोलनका क्रममा उत्तेजक तथा अतिरञ्जित अभिव्यक्ति दिएको उल्लेख गर्दै, त्यस्तो व्यक्तिलाई नै सरकारले छानबिनको जिम्मेवारी दिएको विषय विवादास्पद बनेको जनाइएको छ।

आयोगले 'तिब्बतीयन ओरिजिनल ब्लड (टीओबी)' समूहको भूमिकामाथि पनि थप अनुसन्धान गर्न सिफारिस गरेको छ। प्रतिवेदनमा टीओबी समूह तथा अन्य व्यक्तिहरूमाथि सूक्ष्म अनुसन्धान गरी दोषी देखिए कानुनी कारबाहीको दायरामा ल्याउन भनिएको छ।

# अदालतमा हाजिर भएका मेयर सिंह लुप्त, कर्मचारीमाथि प्रश्न

**अनिल तिवारी**

वीरगञ्ज । अदालतले पक्राउ पुर्जी जारी गरेको वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह बुधबार बिहान पर्सा जिल्ला अदालतमा अचानक पुगेर तत्कालै लुप्त भएका छन् । उनीमाथि जन्मदर्ता, नागरिकता, राहदानी लगायतको सरकारी कागजात किर्ते जालसाजी गरेको अभियोग लागेको छ।




अदालत खुल्नुअघि नै दलबलसहित अदालत परिसर पुगेका मेयर सिंहले उन्मुक्तिको प्रयास गरे । तर मुद्दाको चाप र बहस, बयानमा ढिला भए मेयर सिंहलाई चार दिन थुनामा रहन पर्न सक्थ्यो । अदालतको प्रक्रिया प्रारम्भ हुनु अगावै परिसरमा पुगेका सिंहले भिडियो र फोटोहरु सामाजिक सञ्जालमा सार्वजनिक समेत गरे। अदालतको कर्मचारीसितको छलफलपछि मेयर सिंह परिसरबाट नै लुप्त भए।

मंगलबार पर्सा जिल्ला अदालतले नागरिकता लिखतसम्बन्धी कसुरमा अनुसन्धानका लागि मेयर सिंह, उनकी कान्छी श्रीमती भनिएकी रिता भट्टराई तथा वीरगञ्ज महानगरपालिका वडा नम्बर ३ का तत्कालीन स्थानीय पञ्जिकाधिकारी भिखारी रायविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो । पक्राउ पुर्जीको सूचना सार्वजनिक भएपछि बुधबार बिहान करिब ९ बजे अदालत नखुल्दै मेयर सिंह अदालत परिसरमा पुगेको फोटो तथा भिडियो उनका सचिवालयमार्फत सार्वजनिक गरिएको थियो।

सामाजिक सञ्जालमा भाइरल भएको भिडियोमा मेयर सिंह आफ्ना कानुनी सल्लाहकार अधिवक्ता कमलमोहन पोखरेलसहित अदालत परिसरमा घुमिरहेको देखिन्छ। तर अदालत खुल्नुअघि नै पुगेका मेयर सिंह केहीबेरमै अदालत परिसरबाट लुप्त भए।

मेयरविरुद्ध मुद्दा दायर गरेका लियाकत अली पनि सामाजिक सञ्जालमा भिडियो देखेपछि आफ्ना सहयोगीसहित अदालत पुगेका थिए । अलीका अनुसार अदालतका श्रेस्तेदार प्रभाकर मल्लिकसँग बुझ्दा "अदालत खुल्नुअघि को आउँछ, को जान्छ भन्ने विषयमा अदालत जिम्मेवार नहुने" जवाफ दिइएको थियो।

अलीले भने मेयर सिंह श्रेस्तेदार मल्लिकको कोठामा बसेर छलफल गरेको र त्यसपछि समर्थकसहित बाहिरिएको जानकारी आफूले पाएको दाबी गरेका छन्।

अदालतबाट वाण्टेड रहेका सिंह अदालत परिसरमा पुगेर बेपत्ता हुँदापनि प्रहरीले उनलाई पक्राउ गर्न सकेन। पर्साका प्रहरी उपरीक्षक(एसपी) सुदीपराज पाठकले सामाजिक सञ्जालमा भिडियो देखिएपछि मुद्दाफाँटका प्रमुख प्रहरी निरीक्षक शैलेन्द्र खड्कालाई मेयर सिंहलाई नियन्त्रणमा लिन अदालत पठाइएको बताए। तर प्रहरी पुग्दासम्म मेयर सिंह अदालत परिसरबाट बाहिरिसकेको उनले जनाए।

अदालतको सुरक्षार्थ पनि नेपाल प्रहरीको टोली तैनाथ रहेको हुन्छ । एसपी पाठकले तत्काल उनलाई निर्देशन दिएर मेयर सिंहलाई अदालत बाहिर नियन्त्रणमा लिन सक्थ्यो।

नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ का सभापति मोहम्मद सहाबुद्दिनले "सिंह कानूनभन्दा माथि रहेको सन्देश प्रवाह भएको" आरोप लगाएका छन् । सिंहले गरेको किर्ते जालसाजी बिरुद्ध उजुरीकर्ता मध्येका एक हुन्।

नेपाल बार एसोसिएसनका पूर्व केन्द्रीय उपाध्यक्ष अधिवक्ता विनय सिंहले सरकारी वकिल कार्यालयले मुद्दामा मेयर सिंह र रिता भट्टराईको नाम लुकाउने प्रयास गरेको आरोप लगाउँदै त्यसलाई "गैरकानूनी र शंकास्पद" बताएका छन् । उनले भने, "यो देशमा प्रधानमन्त्रीको नाम मुद्दामा लुकाइँदैन भने मेयरको नाम किन लुकाइयो ? यसले दालमा केही कालो भएको संकेत गर्छ।"

नेपाल बार एसोसिएसन पर्साका अध्यक्ष रामनारायण कुर्मीले पनि सम्पूर्ण घटनाक्रमले कानूनी राज्यको धज्जी उडाएको भन्दै चिन्ता व्यक्त गरेका छन्।

उता मेयर सिंहले भने आफूविरुद्ध पक्राउ पुर्जी जारी भएको जानकारी सञ्चारमाध्यमबाट पाएपछि न्यायिक प्रक्रियामा सहयोग गर्न स्वेच्छाले अदालत पुगेको दाबी गरेका छन् । उनका स्वकीय सचिव सत्यराज घिमिरेका अनुसार अदालतमा मुद्दाको चाप अत्यधिक भएकाले बुधबार सुनुवाइ हुन नसक्ने जानकारी अदालत प्रशासनले दिएपछि मेयर सिंह फर्किएका हुन्।

मेयर सिंहले अदालत प्रशासनसँग समन्वयमै रहेको र सार्वजनिक बिदापछि पुनः उपस्थित हुने जानकारी गराएर फर्किएको बताएका छन्।

मुद्दामा मेयर सिंहले रिता भट्टराईकी छोरी रुविना श्रेष्ठलाई आफ्नै छोरी देखाई फर्जी जन्मदर्ताका आधारमा नागरिकता बनाएको आरोप छ। यद्यपि सिंहले रिता भट्टराई आफ्नो दोस्रो पत्नी भएको दाबी गर्दै आएका छन्।

सरकारी वकिल कार्यालयका अनुसार वीरगञ्ज-३ का लियाकत अलीले २०८० माघमा जिल्ला प्रहरी कार्यालय पर्सामा मेयर सिंहविरुद्ध सरकारी कागजात तथा नागरिकता किर्ते सम्बन्धी उजुरी दिएका थिए । सोही उजुरीका आधारमा चारवटा मुद्दा दर्ता भएको र लिखतसम्बन्धी कसुरमा पक्राउ पुर्जी जारी गरिएको अदालत स्रोतले जनाएको छ।

मेयर सिंहले अदालतका कर्मचारीको समन्वयमा नै विदापछि हाजिर हुने सार्वजनिक अभिव्यक्ति दिएपछि अदालतका कर्मचारीमाथि समेत प्रश्न उठेको छ । अदालतले नै पक्राउ पुर्जी जारी गरेको व्यक्तिलाई कर्मचारीले नै ४ दिने विदापछि हाजिर हुन सल्लाह दिनाले प्रश्न उठेको छ।



# रौतहटमा कृषि तथा जलवायु मौसम मापन केन्द्र स्थापना



चन्द्रपुर । रौतहटको चन्द्रपुर नगरपालिका-९ डुमरियामा कृषि तथा जलवायु मौसम मापन केन्द्र स्थापना गरिएको छ । केन्द्रको चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जयकुमार काफ्लेले मङ्गलबार उद्घाटन गर्नुभयो ।

केन्द्रले किसानलाई मौसमसम्बन्धी विभिन्न पूर्वानुमान उपलब्ध गराउनेछ । तापक्रम, वर्षा, हावाको गति मौसमसम्बन्धी तथ्याङ्क केन्द्रमा सङ्कलन हुनेछ । मौसमको अवस्था हेरेर बाली कहिले लगाउने, सिँचाइ कहिले गर्ने र मल तथा औषधि कहिले प्रयोग गर्ने लगायतका विषयमा केन्द्रले जानकारी दिनेछ।

जिल्ला समन्वय समिति रौतहटका सभापति रामअयोध्या राय यादवले किसानको बाहुल्य भएको रौतहटमा हरेक पालिकाका किसानका लागि यसप्रकारको केन्द्र आवश्यक भएको बताउनुभयो । जल तथा मौसम विभाग मधेश प्रदेशका प्रमुख राजीवकुमार झाले केन्द्र हरेक पाँच किलोमिटरको दूरीमा राख्नुपर्ने बताउनुभयो ।

वन क्षेत्रको संरक्षण, पूर्वाधार विकासमा समेत केन्द्रमा महत्वपूर्ण भूमिका हुने कार्यालय प्रमुख झाले बताउनुभयो ।

अहिलेको अवस्थामा कृषि तथा जलवायु मौसम मापन केन्द्रबाट ८० प्रतिशत प्रक्षेपण मिलेको उहाँको भनाइ छ ।

केन्द्रले असिना, खडेरी, अत्यधिक वर्षा वा बाढी जस्ता प्राकृतिक प्रकोपसम्बन्धी पूर्वसूचना प्रवाह गर्ने उहाँले बताउनुभयो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सिताराम रिजालले मानवीय क्षति न्यूनीकरण गर्न केन्द्रले सहयोग गर्ने धारणा राख्नुभयो । रासस

# वीरगञ्ज-ठोरी हुलाकी सडकको अधुरो खण्ड तत्काल सञ्चालनमा ल्याउन माग

**टुडे समाचारदाता**

वीरगञ्ज । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद टेकबहादुर शाक्यले वीरगञ्ज-ठोरी हुलाकी सडकको अधुरो खण्ड तत्काल सञ्चालनमा ल्याउन माग गरेका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा बोल्दै सांसद शाक्यले वीरगञ्ज-ठोरी हुलाकी सडक वर्षौंदेखि ठोरी गाउँपालिका १ र २ नम्बर वडा क्षेत्रमा अधुरो रहेको जानकारी गराउँदै उक्त खण्ड निर्माण गरी तत्काल सञ्चालनमा ल्याउन माग गरेका छन् ।

वीरगञ्ज-ठोरी हुलाकी सडक खण्ड अन्तर्गत ठोरी गाउँपालिकाको वडा नम्बर १ र २ को झन्डै ५ किलोमिटर दुरी चितवन राष्ट्रिय निकुञ्जले अवरोध गर्दा कालोपत्र हुन सकेको छैन भने ढेडुखोलामा पुल बन्न सकेको छैन ।

उक्त खण्डमा बेस निर्माण गरी ग्राभेलको काम भए पनि कालोपत्र भने हुन बाँकी छ ।

वर्षौंदेखि खोलामा पुल नबन्दा वर्षायामको समयमा विद्यार्थी स्कुल जान बञ्चित हुँदै आएका छन् भने बिरामी र सुत्केरीलाई अस्पतालसम्म पुर्‍याउन नसक्ने अवस्था रहेको उनको भनाइ थियो ।



बिरामीहरूलाई उपचार गराउनका लागि भारतीय भूमि प्रयोग जिल्ला सदरमुकाम वीरगञ्ज लैजानुपर्छ भन्ने कुरा सुन्दा पनि अच्चम्म मान्ने पर्ने अवस्था रहेको भन्दै उनले सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

उनले भने, 'पर्सा जिल्लाले वर्षेनि करिब २ खर्ब ५० अर्बको राजस्व ढुकुटी राज्यलाई दिन्छ, र प्रसस्त अन्न भण्डार पनि छ । तथापि पर्सा जिल्ला लेखाइमा सुगम र गराइ र भोगाइमा अति विकट बनेको छ । सिँचाइ अभाव, जल संकट, शिक्षा, स्वास्थ, गरिबी, बेरोजगारी, समाजिक विभेद, दाइजो प्रथा, छुवाछुत गम्भीर मोडमा छ ।'

वीरगञ्ज पावर हाउस चोकदेखि ड्राइपोर्ट हुँदै पोखरीया, लंगडी र हरिहरपुरसम्म चार लेन सडक विस्तार गर्न समेत उनले माग गरे । उक्त सडकखण्ड भएर दैनिक ३ लाख मानिस आउजाउ गर्ने भन्दै उनले यो सडक सिंगो पर्साको भविष्यको सेतु भएको बताए ।

सांसद शाक्यले कृषकलाई रासायनिक मल अब लाइनमा होइन सबैको पहुँच बराबरी हुनेगरी अनलाइनबाट उपलब्ध गराउन व्यवस्था मिलाउन समेत उनले सरकारसँग माग गरे ।

३६ वर्ष मधेशले नेता बोकेको भन्दै अब यो सरकारले मधेश बोकोस् भन्ने उनको भनाइ थियो ।

# विद्यालय हिँडेका बालक बेपत्ता



जलेश्वर । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-१२ थरुवाही गाउँबाट विद्यालय हिँडेका १२ वर्षीय गौतम यादव सात दिनदेखि बेपत्ता छन् ।

गौतम जेठ ७ गते बिहान करिब ६:०० बजे घरबाट जलेश्वर नगरपालिका-२ मा अवस्थित एड्भान्स लर्नर्स हिमालयन अङ्ग्रेजी बोर्डिङ स्कुल गएका थिए ।

गौतम यादव थरुवाही गाउँ बस्ने बुवा आशुतोष यादव र आमा पुनमाया यादवका छोरा हुन् ।

विद्यालय समय सकेर बालक गौतम घर नफर्केपछि परिवारजनले सोही दिन विद्यालयमा सम्पर्क गर्दा उनी विद्यालय नै नआएको विद्यालयबाट जवाफ आएको थियो ।

बुवा आशुतोष र आमा पुनमले आफ्नो छोरा विगत सात दिनदेखि बेपत्ता रहेको र अहिलेसम्म कुनै अत्तोपत्तो नलागेपछि उनी अपहरणमा परेको वा बेचिएको हुनसक्ने आशङ्का गर्दै जिल्ला प्रहरी कार्यालय महोत्तरीमा निवेदन दर्ता गराउनुभएको छ । रासस

# 'साप्ताहिक रूपमा खर्च विवरण सार्वजनिक गर्ने'

**टुडे समाचारदाता**



जनकपुरधाम । नवनियुक्त अर्थमन्त्री युवराज भट्टराईले पदभार ग्रहण गरेका छन् ।

नेपाली कम्युनिस्ट पार्टी ( नेकपा) मधेश प्रदेश संसदीय दलका नेता रहेका भट्टराई मंगलबार अर्थमन्त्रीमा नियुक्त भएर पद तथा गोपनियताको शपथ लिएका थिए ।

उनले बुधबार पदभार ग्रहण गर्दै खर्च तथा आम्दानी र सञ्चित कोषको विवरण सप्ताहिक रूपमा सार्वजनिक गर्ने निर्णय गरेका हुन् ।

मधेश प्रदेश सरकारको खर्च तथा आम्दानीको विवरण, सञ्चितकोषको अवस्था साप्ताहिक रूपमा वेबसाइट तथा सामाजिक सञ्जालहरूबाट सार्वजनिक गर्ने उनको पहिलो र एक मात्र निर्णय गरेको गरेका छन् ।

# १० बढीको अवैध सामान बरामद



**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरी धनुषाले जिल्लाका विभिन्न नाकाबाट भन्सार छलि गरी अवैध रुपमा भित्रियाइएका १० लाख रुपैयाभन्दा बढीको सामान नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल धनुषाका अनुसार जिल्लाका विभिन्न नाकामा गरिएको निगरानी तथा चेकजाँचका क्रममा अवैध रूपमा भित्र्याइएका सामान बरामद गरिएको हो । बरामद सामग्रीमा लत्ताकपडा, किराना, इलेक्ट्रोनिक तथा दैनिक उपभोग्य वस्तुहरू रहेको जनाइएको छ ।

सशस्त्र प्रहरीले विशेष सूचनाको आधारमा अभियान सञ्चालन गर्दै भन्सार छली गरेर ल्याइएका सामग्री नियन्त्रणमा लिएको जनाएको छ । बरामद सामानको अनुमानित मूल्य १० लाख रुपैयाँभन्दा बढी रहेको प्रहरीको भनाइ छ ।

नियन्त्रणमा लिइएका सामान आवश्यक कारबाही तथा राजस्व संकलनका लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ । सीमावर्ती क्षेत्रमा पछिल्लो समय भन्सार छलीका गतिविधि बढ्दै गएपछि सशस्त्र प्रहरीले कडा निगरानी गरेको छ ।

# प्रतिनिधिसभा: लागुऔषध, विपद् जोखिम र सडक पूर्वाधारका समस्या समाधान गर्न आग्रह

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा सांसदहरूले लागुऔषध कारोबार, बाढी, पहिरो, विपद् व्यवस्थापन, गुणस्तरीय सडक पूर्वाधार, खानेपानीलगायत समसामयिक विषयमा ध्यानाकर्षण गराउनुभयो ।

सांसद चन्द्रमोहन यादवले नेपालभरि लागुऔषधको समस्या बढ्दै गएकाले यस विषयलाई गम्भीरतापूर्वक लिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद जगतप्रसाद जोशीले कैलाली जिल्लाको क्षेत्र नं ३ स्थित मुक्त कमैयालाई वन कार्यालयका कर्मचारीले अनावश्यक रुपमा दुःख दिएको घटनाको निन्दा गर्दै पीडितलाई न्याय दिन अनुरोध गर्नुभयो ।

सांसद जगदीश खरेल (ललितपुर)ले आफ्नो निर्वाचन क्षेत्रअन्तर्गत पर्ने महालक्ष्मी नगरपालिकामा खानेपानीको चरम सङ्कट रहेको जानकारी दिँदै खानेपानी समस्याबाट प्रताडित जनताको माग सम्बोधन गर्नेगरी बजेट व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

यसैगरी सांसद जगदीश खरेल (दोलखा)ले पर्यटकीय क्षेत्रका रुपमा परिचित दोलखामा कार्यरत सशस्त्र प्रहरी बलसम्बद्ध केही सुरक्षाकर्मी अहिले पनि टहरामा बस्नुपरेकामा दुःख व्यक्त गर्दै त्यसकिसिमको असहज परिस्थितिबाट मुक्ति दिन सम्बद्ध निकायसँग अनुरोध गर्नुभयो ।

सांसद जनकराज गिरीले बाजुराको त्रिवेणी नगरपालिकाको बढीमालिका प्रवेशद्वार क्षेत्रस्थित बूढीगङ्गा नदीमा पुल नहुँदा जनताले सास्ती व्यहोर्नु परेको बताउँदै सो स्थानमा तत्काल पुल निर्माणको व्यवस्था होस् भन्नुभयो ।

सांसद जयपति रोकायाले दैनिक आठ घण्टासम्म लोडसेडिङको समस्या व्यहोरिरहेका हुम्लाका जनताको समस्या समाधान गर्न अनुरोध गर्नुभयो । सांसद झविलाल डुम्रेले प्रमुख अन्नबालीका रुपमा रहेको धान र मकैकोखेतीमा मल हाल्न नपाउँदा स्याङ्जाका किसान मारमा परेको बताउँदै मलको हाहाकारबाट पीडित किसानलाई यथासक्य छिटो राहत दिन अनुरोध गर्नुभयो ।



सांसद टुकाभद्र हमालले गत भदौ २४ गतेको विध्वंशात्मक घटनाको छानबिन हुनुपर्ने र सिंहदबारजस्ता महत्वपूर्ण संरचना छिटो बन्नुपर्ने बताउनुभयो ।

सांसद ठाकुरसिंह थारूले बर्दियाको अस्पतालमा पर्याप्त चिकित्सक नभएको र बिरामीले त्यहाँ सहज उपचार नपाएको बताउँदै स्वास्थ्य उपकरणसहित दक्ष चिकित्सकको व्यवस्था गर्न अनुरोध गर्नुभयो ।

सांसद ताराप्रसाद जोशीले पश्चिम सेती जलविद्युत् आयोजना कहिले सुरु हुन्छ भन्ने प्रश्न गर्नुभयो । सांसद तारा विश्वकर्माले वर्षौंदेखि गुठी र बिर्ता जग्गाको भोगचलन गर्दै आएका नागरिकलाई जग्गाको स्वामित्व हस्तान्तरण माग गर्नुभयो ।

सांसद तैफिक अहमद खानले बजेट अभावका कारण रूपन्देही अस्पतालको सेवा बन्द भएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद दीपककुमार साह (महोत्तरी)ले विगत केही वर्षदेखि महँगी र करको दर बढ्दै गएकाले आउने नयाँ बजेटबाट त्यसलाई सम्बोधन गर्न आग्रह गर्नुभयो ।

सांसद दीपकराज बोहराले भारतमा काम गर्ने नेपालीको अभिलेख व्यवस्थित गराउन माग गर्नुभयो । सांसद दीपककुमार साह (सुनसरी) ले सुनसरी खोलाको बाढी र कटान संरक्षण हुन नसकेको बताउनुभयो । सांसद धनेन्द्र कार्कीले जुनारको राजधानी मानिने सिन्धुलीको गोलाञ्जरमा सडक कालोपत्र गर्न माग गर्नुभयो ।

सांसद ध्रुवराज राईले शिक्षकको दुर्गम भत्ता रोकिएकाले अर्थ मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयबीच समन्वय हुनुपर्ने खाँचो औंल्याउनुभयो । सांसद नरेन्द्र साह कलवारले कृषिउपजको खरिद मूल्य तोक्न माग गर्नुभयो । सांसद नितिमा भण्डारी कार्कीले गर्मी र हावाहुरीले आक्रान्त सर्लाहीवासीले विद्युत् आपूर्तिको समस्या झेल्नुपरेकोतर्फ सरकारको ध्यान जाओस् भन्नुभयो ।

सांसद निराशा चौधरी (डगौरा)ले पुर्ख्यौली जमिन गुमाएका थारू समुदाय र मुक्त कमैयालाई जमिन दिन माग गर्नुभयो ।

सांसद निशा डाँगीले सांसदहरू बस्ने सभाहलको कुर्सी कुन देशको काठबाट बनाइएको हो भन्दै स्वदेशी काठको उपयोग गर्न माग गर्नुभयो ।

सांसद निता घतानीले सदनप्रति सरकार जवाफदेही हुन नसकेको टिप्पणी गर्नुभयो ।

सांसद पदमाकुमारी अर्यालले न्यून कार्बन उत्सर्जन गर्ने देश नेपाल वातावरणीय समस्या र विपद्जन्य घटनाबाट प्रताडित भएकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद पवित्रा विकले आगामी बजेटमार्फत सुर्तीजन्य पदार्थमा कर बढाउन सुझाव दिनुभयो । सांसद पारशमणि गेलालले कृषि उत्पादनमा वैज्ञानिक प्रविधि अपनाउन आग्रह गर्नुभयो । सांसद पार्वती विकले जाजरकोट भूकम्पबाट क्षतिग्रस्त विद्यालय भवनका अस्थायी संरचना हालै आएको हुरीबाट प्रभावित भएको भनी सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद पुकार बमले सुशासनका लागि सांसदलाई अध्ययन, अनुसन्धानको वातावरण सृजना गर्न माग गर्नुभयो । डा पुष्पराज कँडेलले बूढीगण्डकी जलविद्युत् आयोजना र पुष्पलाल लोकमार्ग आयोजनालाई छिटो सम्पन्न गर्न आग्रह गर्नुभयो । सांसद पुष्पाकुमारी चौधरीले 'इनिमिया' रोगको उपचारमा ध्यान दिन आग्रह गर्नुभयो । सांसद पुनकुमारी अग्रवालले रुग्ण सरकारी उद्योग सञ्चालन गर्न माग गर्नुभयो ।

सांसद प्रकाशन्द्र परियारले गणतन्त्रमा आज पनि कर्णालीवासी, किसान र मजदुरको समस्या उस्तै रहेकाले त्यसतर्फ सरकारको ध्यान जाओस् भन्नुभयो ।

सांसद प्रकाश पाठकले 'डिजिटल' लतका कारण बालबालिकामा आपराधिक समस्या देखिएको बताउनुभयो ।

सांसद प्रकाशसिंह कार्कीले सोलुखुम्बुमा टेलिफोन नेटवर्कको समस्या रहेको बताउनुभयो । सांसद प्रदीप विष्टले नेपालगन्जलगायतका अर्धसहरी क्षेत्रमा अतिरिक्त कार्यक्रम र बजेट दिन माग गर्नुभयो ।

सांसद प्रमिलाकुमारी गच्छदारले मोरङको सुन्दर हरैँचाको गछिया खोलामा पुल अभाव भएको बताउनुभयो । सांसद प्रमिला कुलुजुले भक्तपुरमा स्वच्छ तथा पर्याप्त खानेपानी नभएकाले खानेपानी समस्या समस्या समाधान गर्न अनुरोध गर्नुभयो । सांसद प्रमोदकुमार महतोले बर्दिबास मेडिकल कलेजको निर्माण छिटो सम्पन्न गर्न आग्रह गर्नुभयो । सांसद प्रेमबहादुर बयकले रोमानियामा कार्यरत नेपालको सवारी लाइसेन्स बनाइदिने काममा सहजीकरण गरिदिन अनुरोध गर्नुभयो ।

सांसद प्रेमलाल चौधरीले 'पठाओ, 'इनड्राइभ'जस्ता सेवाका नाममा करोडौँ रकम बाहिरिने गरेकाले नेपालको आफ्नै 'प्लेटफर्म' सिर्जना गरी सेवा दिने व्यवस्था गर्न सुझाव दिनुभयो । सांसद बदनकुमार भण्डारीले सूर्यविनायक-धुलिखेल सडक निर्माणमा ढिलाइ भएको भन्दै निर्माणको कामलाई गति दिन आग्रह गर्नुभयो ।

सांसद डा तोसिमा कार्कीले गुणस्तरीय सडक तथा बाटोघाटो निर्माणसँगै एकीकृत पूर्वाधार विकास र संरक्षणमा सम्बद्ध पक्षको ध्यान जाओस् भन्नुभयो । सांसद नरेन्द्रकुमार केरूङले पूर्वतयारीविना सुकुमवासीको घरटहरामा डोजर चलाइएका भनी चिन्ता व्यक्त गर्नुभयो ।

सांसद पर्शुराम तामाङले मध्यपहाडी लोकमार्गको निर्माणसँगै भोजपुरलगायतका जिल्लामा समृद्धिलाई जोड्ने कार्यक्रम ल्याउन माग गर्नुभयो । रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | काममा केही चुनौती देखिए पनि मेहनत गर्दा समयको सदुपयोग हुनेछ । |
| वृष : | नयाँ ज्ञान सिक्ने मौका छ । व्यापार व्यवसायबाट लाभ हुनेछ । |
| मिथुन : | धेरैले विश्वास गर्नेछन् । सोचेको आटेको काममा सफलता मिल्नेछ । |
| कर्कट : | समय साथीभाईसंग रमाइलोमा बित्नेछ । सुखद समाचार सुन्न पाइनेछ । |
| सिंह : | प्रतिष्ठित काम गर्ने मौका छ । सन्तान वा अनुयायीले प्रसन्नता दिलाउने छन् । |
| कन्या : | प्रयत्न गर्दा बिग्रिएको सम्बन्ध र विगतका कमजोरीलाई सुधार गर्न सकिनेछ । |
| तुला : | नसोचेको धन लाभ हुन सक्छ । |
| वृश्चिक : | आम्दानी प्रशस्तै बढ्नेछ । परिवारसंग मनमुटाब हुने देखिन्छ । |
| धनु : | सोचेको भन्दा आम्दानी धेरै हुँदा मन प्रसन्न रहनेछ । |
| मकर : | व्यापार व्यवसायबाट त्यति लाभ मिल्ने छैन । पढाइ लेखाइमा प्रगति हुनेछ । |
| कुम्भ: | सम्पत्तिको लागि घर झगडा हुने देखिन्छ । |
| मीन: | आफ्नै प्रयासले काममा लाभ मिल्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जलवायु परिवर्तनका चुनौती बढ्दै

काठमाण्डु । आर्थिक सर्वेक्षण २०८२/८३ ले जलवायु परिवर्तनका चुनौती बढ्दै गएको देखाएको छ । विश्वव्यापी रूपमा बढ्दो तापक्रम र हरितगृह ग्यास उत्सर्जनका कारण जलवायु परिवर्तनको असर तीव्र बन्दै गइरहेको अवस्थामा नेपालले पनि उत्सर्जन न्यूनीकरण र अनुकूलनका लागि आफ्ना प्रतिबद्धता तथा कार्यक्रमलाई अघि बढाएको छ ।



आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय संरचना तथा सम्झौतामा सक्रिय सहभागिता जनाउँदै आएको छ । नेपाल जैविक विविधता महासन्धि, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन संरचना महासन्धि, क्योटो प्रोटोकल र पेरिस सम्झौताको पक्ष राष्ट्र हो । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६ तथा स्थानीय तहको अनुकूलन कार्ययोजनालगायतका नीति तथा संस्थागत व्यवस्था कार्यान्वयनमा रहेका छन् ।

विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) को प्रतिवेदन २०२३/२०२४ अनुसार पृथ्वीको औसत तापक्रम पूर्वऔद्योगिक काल (१८५०-१९००) को तुलनामा १.४५ डिग्री सेल्सियसले वृद्धि भएको छ । आगामी वर्षहरूमा यो वृद्धि १.५ डिग्री सेल्सियसभन्दा माथि पुग्न सक्ने चेतावनी दिइएको छ । बढ्दो तापक्रमले वातावरणीय, आर्थिक तथा सामाजिक क्षेत्रमा प्रत्यक्ष असर पार्नुका साथै मानव समुदाय र पारिस्थितिकीय प्रणालीबीचको सन्तुलनमा चुनौती थपिएको प्रतिवेदनमा उल्लेख छ ।

जर्मनवाचले सन् २०२५ मा सार्वजनिक गरेको दीर्घकालीन जलवायु जोखिम सूचकाङ्क (१९९३-२०२२) अनुसार नेपाल जलवायु जोखिमका दृष्टिले उच्च जोखिम भएका मुलुकमध्ये ६९ औँ स्थानमा रहेको छ ।

विश्वव्यापी रूपमा हरितगृह ग्यास उत्सर्जन निरन्तर बढ्दो क्रममा रहेको देखिएको छ । सन् १९९० मा विश्वको कूल उत्सर्जन ३२ अर्ब ७३ करोड मेट्रिक टन रहेकोमा सन् २०२३ मा यो बढेर ५० अर्ब ८० करोड मेट्रिक टन पुगेको छ । विश्वको कुल उत्सर्जनमध्ये करिब ६० प्रतिशत हिस्सा चीन, अमेरिका, भारत, रूस, ब्राजिल, जापान र अन्य प्रमुख १० राष्ट्रबाट हुने गरेको छ ।

नेपालमा पनि पछिल्ला वर्षमा हरितगृह ग्यास उत्सर्जन बढ्दो क्रममा रहेको सर्वेक्षणले देखाएको छ । सन् १९९० को दशकमा वार्षिक औसत दुई करोड २७ लाख मेट्रिक टन उत्सर्जन हुने गरेकोमा पछिल्लो दशक (२०१४-२०२३) मा यो बढेर वार्षिक औसत चार करोड ९६ लाख मेट्रिक टन पुगेको छ ।

नेपालको कूल उत्सर्जनमा कृषि क्षेत्रको योगदान अझै उच्च भए पनि यसको अनुपात घट्दो क्रममा छ । सन् १९९० मा कृषि क्षेत्रबाट ७८.२५ प्रतिशत उत्सर्जन हुने गरेकोमा सन् २०२३ मा घटेर ४८.५७ प्रतिशतमा झरेको छ । यद्यपि ऊर्जा, औद्योगिक, भू-उपयोग परिवर्तन तथा यातायात क्षेत्रबाट उत्सर्जन भने बढ्दै गएको छ ।

नेपालले सन् २०२५ मा तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी-३) सार्वजनिक गर्दै सन् २०३० सम्म १७.१२ प्रतिशत र सन् २०३५ सम्म २६.७९ प्रतिशत हरितगृह ग्यास उत्सर्जन घटाउने लक्ष्य निर्धारण गरेको छ ।

जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका क्षेत्रमा नेपालले विभिन्न अन्तरराष्ट्रिय वित्तीय सहयोग पनि प्राप्त गरिरहेको छ । आर्थिक वर्ष २०८१/८२ सम्म विभिन्न १३ परियोजनामार्फत १६३.७९ मिलियन अमेरिकी डलर प्राप्त भएको छ भने चालु आवको फागुनसम्म थप १८ मिलियन अमेरिकी डलर बराबरका तीन परियोजनाका लागि सम्झौता सम्पन्न भएका छन् ।


वन क्षेत्रबाट कार्बन व्यापारमा पनि नेपालले उल्लेखनीय उपलब्धि हासिल गरेको छ । तराई भू-परिधिमा सञ्चालन भएको रेड प्लस कार्यक्रममार्फत करिब १८ लाख ८० हजार टन कार्बनडाइअक्साइड उत्सर्जन घटाई पहिलोपटक वन विकास कोषमा ९४ लाख अमेरिकी डलर प्राप्त भएको छ ।

त्यसैगरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा नवीकरणीय ऊर्जा कार्यक्रममार्फत दुई लाख एक हजार ९२२ मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण गरी कार्बन व्यापारबाट ६६ लाख ५५ हजार युरोभन्दा बढी आम्दानी गरेको छ ।

नेपाल सरकारले बागमती, गण्डकी र लुम्बिनी प्रदेशका ३६ जिल्लाको वन क्षेत्रको कार्बन बिक्रीका लागि ४० मिलियन अमेरिकी डलर बराबरको उत्सर्जन कटौती खरिद सम्झौतासमेत गरेको छ ।

यता, जलवायु परिवर्तनको प्रभाव विशेषगरी हिमाली क्षेत्रमा गम्भीर बन्दै गएको विषयलाई अन्तरराष्ट्रियस्तरमा उजागर गर्न २०८२ जेठमा काठमाडौँमा सगरमाथा संवाद सम्पन्न गरिएको थियो । रासस

# अझै पनि ऊर्जाको स्रोतमा दाउराको प्रयोग



काठमाण्डु । पछिल्ला वर्षहरूमा विद्युत् विस्तार उल्लेख्यरूपमा वृद्धि भए पनि ऊर्जाको स्रोतमा अझै पनि दाउराको प्रयोग अत्यधिक भइरहेको पाइएको छ । अर्थ मन्त्रालयले आज सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार, गत वर्षको तुलनामा चालु आवको आठ महिनाको अवधिमा झिनो मात्रामा मात्रै दाउराको प्रयोग घटेको छ ।

आव २०८१/८२ को फागुन मसान्तसम्ममा ऊर्जाको स्रोतका रुपमा ५१ दशमलव नौ प्रतिशत दाउरा प्रयोग भएको थियो । चालु आवको सोही अवधिसम्म ४८ दशमलव नौ प्रतिशत प्रयोग भएको छ । यस्तै, कृषि अवशेष चार दशमलव सात प्रतिशत, गुइँठा एक दशमलव तीन प्रतिशत, पेट्रोलियम पदार्थ २१ दशमलव आठ प्रतिशत, विद्युत् १२ दशमलव एक प्रतिशत र नवीकरणीय ऊर्जा दुई दशमलव एक प्रतिशत बराबर रहेको छ । गत फागुन मसान्तसम्म परम्परागत, व्यापारिक र नवीकरणीय स्रोतबाट गरी आठ हजार २४ टन बराबरको (टन अफ आयल इक्विभ्यालेन्ट) ऊर्जा खपत भएको छ । यस्तै, नवीकरणीय ऊर्जा स्रोतबाट विद्युत्को पहुँच पुगेको जनसङ्ख्या आठ दशमलव छ प्रतिशत बराबर पुगेको छ । गत आवको फागुन मसान्तसम्म त्यस्तो ऊर्जाको पहुँच पुगेका जनसङ्ख्या मात्रै आठ दशमलव पाँच प्रतिशत बराबर थियो ।

आव २०८१/८२ मा घरायसी बायोग्यासतर्फ चार हजार ३८६ प्लान्ट जडान भएकामा चालु आवको फागुन मसान्तसम्म चार हजार ६२७ प्लान्ट जडान भएको छ । आव २०८१/८२ मा सौर्य ऊर्जा प्रविधिभित्र ६२ दशमलव सात मेगावाट विद्युत् उत्पादन भई विद्युतीकरण भएकामा चालु आवको फागुन मसान्तसम्म ११८ किलोवाट बराबर विद्युत् उत्पादन भएको छ । रासस

# वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिने घटे

काठमाण्डु । वैदेशिक रोजगारमा जाने नेपाली कामदारको नयाँ श्रम स्वीकृति लिनेको संख्या घटेको छ भने पुनः श्रम स्वीकृति लिनेको संख्या वृद्धि भएको छ ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले बुधबार प्रतिनिधिसभाको बैठकमा प्रस्तुत गर्नुभएको आर्थिक सर्वेक्षण २०८२/८३ को तथ्याङ्कअनुसार वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १३.७ प्रतिशतले सङ्कुचन भई दुई लाख ७३ हजार ५३० रहेको देखाएको हो ।

त्यसैगरी यस आर्थिक अवधिमा वैदेशिक रोजगारमा जान पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १५.९ प्रतिशतले वृद्धि भई दुई लाख ५१ हजार ९८३ पुगेको छ । यस अवधिमा नयाँ र पुनः श्रम स्वीकृति लिने कामदारको सङ्ख्या पाँच लाख २५ हजार ५१३ पुगेको छ । यसमध्ये, महिला १२.१ प्रतिशत र पुरुष ८७.९ प्रतिशत रहेका छन् । गत आर्थिक वर्षको सोही अवधिमा नयाँ र पुनःश्रम स्वीकृति लिने कामदारको सङ्ख्या पाँच लाख ३४ हजार ४७१ रहेको थियो ।

सर्वेक्षणले आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या १०.० प्रतिशतले बढेर पाँच लाख पाँच हजार ९५७ र पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या १८.५ प्रतिशले बढेर तीन लाख ३३ हजार ३०९ पुगेको थियो । रासस

## एभरेष्ट समिटर्स समिट:
# २६ देशका १७६ आरोहीलाई सम्मान

काठमाण्डु । दोस्रो संस्करणको ‘एभरेष्ट समिटर्स समिट-२०२६’ अन्तर्गत २६ देशका १७६ सगरमाथा आरोहीलाई सम्मान गरिएको छ ।

एभरेष्ट अलायन्स नेपालको आयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहकार्यमा बुधबार काठमाण्डुमा आयोजित कार्यक्रममा विश्वका २६ देशका १७६ सगरमाथा आरोहीलाई विशेष पदक र प्रमाणपत्रसहित सम्मान गरिएको हो ।




आरोहीलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडगराज पौडेल, मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौला, आयोजक संस्था एभरेष्ट अलायन्स नेपालका अध्यक्ष सुदर्शन नेपाल, नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलिया, ट्रेकिङ एजेन्सीस् एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डेलगायतले सम्मान गर्नुभएको हो ।

कार्यक्रममा पर्यटनमन्त्री पौडेलले सगरमाथा आरोहीहरूको साहस र दृढ सङ्कल्पको प्रशंसा गर्नुभयो । उहाँले सुरक्षित र दिगो पर्वतीय पर्यटन प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो ।

मन्त्री पौडेलले आरोहीको सुरक्षामा सुधार, आपत्कालीन उद्धार प्रणालीको सुदृढीकरण र स्थानीय हिमाली समुदायको आर्थिक सशक्तिकरणलाई विशेष ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो । उहाँले हिमालय क्षेत्रमा देखिएका जलवायु परिवर्तनका गम्भीर असरप्रति चिन्ता व्यक्त गर्नुभयो ।

उहाँले हिमनदी पग्लिने क्रम, जैविक विविधताको ह्रास र बढ्दो फोहोर व्यवस्थापनका चुनौती थपिँदै गएको बताउनुभयो । हिमालयको संरक्षण नेपालको मात्र नभई सम्पूर्ण विश्वको साझा उत्तरदायित्व भएको उहाँको भनाइ थियो ।

वरिष्ठ पर्वतारोही एवम् सेभेन समिट ट्रेक्सका सञ्चालक मिङ्मा शेर्पाले नेपालका हिमालले विश्वभरका पर्यटकलाई आकर्षित गरिरहेको बताउनुभयो । हिमाल आरोहणमा शेर्पा गाइडले खेलेको भूमिका महत्वपूर्ण रहेको उहाँको भनाइ थियो ।

“पहिलेको तुलनामा अहिलेका शेर्पाहरू धेरै बलिया र तालिमप्राप्त छन्, हामी हाम्रो विदेशी आरोहीलाई सुरक्षित रूपमा शिखरमा पुर्‍याउन सधैँ तत्पर छौँ,” उहाँले भन्नुभयो ।

एभरेष्ट अलायन्स नेपालका अध्यक्ष सुदर्शन नेपालले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभएका आरोहीको सम्मानका लागि विगत दुई वर्षदेखि ‘एभरेष्ट समिटर्स समिट’ आयोजना गरिएको बताउनुभयो ।

“हामीले गत वर्षदेखि सगरमाथा आरोहीलाई सम्मान गर्ने उद्देश्यले यो कार्यक्रम सुरुआत गरेका थियौँ, पहिलो संस्करण भव्य रूपमा सम्पन्न हुनुले नै यसको महत्त्व र दायरा प्रस्ट पारेको छ । यो नेपालको मात्र नभएर विश्वव्यापी मञ्च बनिसकेको छ,” उहाँले भन्नुभयो ।


हिमालयको भविष्यका लागि एकजुट आवाज विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहीहरूको अद्वितीय साहस र योगदानलाई कदर गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको उहाँको भनाइ छ । यसबाट नेपालको पर्वतीय पर्यटनलाई विश्वमाझ अझ उच्च राख्न र साहसी आरोहीको सम्मानका लागि मद्दत पुग्ने अध्यक्ष नेपालले बताउनुभयो ।

कार्यक्रममा विश्वको सर्वोच्च शिखर सगरमाथाको ३२औँ पटक आरोहण गरेर विश्व कीर्तिमान राख्ने कामीरिता शेर्पा, सबैभन्दा धेरैपटक सगरमाथा आरोहण गर्ने महिला लाक्पा शेर्पालगायत विभिन्न देशका आरोहीलाई सम्मान गरिएको थियो ।

उक्त कार्यक्रमको पूर्वसन्ध्यामा राष्ट्रपति रामचन्द्र पौडेल सहभागी हुनुभएको थियो । राष्ट्रपति पौडेलले ‘समिटर्स ब्रेकफास्ट’ मा सरिक भई आरोहीहरूसँग साक्षात्कार गर्नुभएको थियो । रासस

# पोखरा बसपार्कको जग्गा छानबिन गर्न समिति गठन

काास्की । पोखरा महानगरपालिका-९ स्थित पोखरा बसपार्क निर्माणका लागि विसं २०३० मा अधिग्रहण गरिएको जग्गाको सट्टापट्टा, बिक्री-वितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियाबारे उठेका गुनासा र विवादको छानबिन गर्न तीन सदस्यीय समिति गठन गरिएको छ ।



पोखरा उपत्यका नगर विकास समितिले पूर्वन्यायाधीश शङ्करराज बरालको अध्यक्षतामा समिति गठन गरेको हो । समितिमा पूर्वजिल्ला न्यायाधिवक्ता गोविन्द गिरी र पोखरा उपत्यका नगर विकास समितिका प्रशासनिक अधिकृत प्रकाश सुवेदी सदस्यसचिव रहनुभएको छ ।

बसपार्क निर्माणका लागि अधिग्रहण गरिएको १९६ रोपनी जग्गामध्ये राजमार्ग विस्तारका क्रममा करिब नौ रोपनी क्षेत्रफल प्रयोग भएपछि बाँकी रहेको १८७ रोपनी जग्गासम्बन्धी सट्टापट्टा, बिक्री-वितरण तथा क्षतिपूर्ति प्रक्रियाबारे विभिन्न गुनासा, लिखित उजुरी तथा प्रश्नहरू उठ्दै आएका छन् ।

विशेषगरी केही व्यक्तिले नपाउनुपर्ने क्षतिपूर्ति प्राप्त गरेको, वितरण प्रक्रियामा असमानता भएको लगायत आरोप सार्वजनिक भएपछि सत्यतथ्य छानबिनका लागि समिति गठन गरिएको नगर विकास समितिका अध्यक्ष तथा पोखरा महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो ।

उहाँका अनुसार समितिलाई विगत ५१ वर्षको अवधिमा विभिन्न चरणमा भएका निर्णय, सट्टापट्टा तथा वितरण प्रक्रियासम्बन्धी कागजातको अध्ययन, विश्लेषण र परीक्षण गरी न्यायिक दृष्टिकोणबाट प्रतिवेदन तयार गर्न जिम्मेवारी दिइएको छ । समितिलाई प्रतिवेदन पेस गर्न १५ कार्यदिनको समय तोकिएको छ ।

“समितिले निष्पक्ष र तथ्यमा आधारित प्रतिवेदनमार्फत बसपार्क जग्गासम्बन्धी देखिएका, सुनिएका तथा उठाइएका सबै विषयको यथार्थ उजागर गर्नेछ । आधा शताब्दीदेखि चर्चामा रहेको बसपार्क परियोजनालाई अब सफल विकासको उदाहरणका रूपमा स्थापित गर्नका लागि सबैको साथ र सहयोग आवश्यक छ,” महानगरप्रमुख आचार्यले भन्नुभयो ।

यसैगरी, महानगरले बसपार्क क्षेत्रभित्र बसोबास गर्दै आएका सुकुमवासी तथा भूमिहीन परिवारको वास्तविक अवस्था पहिचान गर्न तथा जग्गा व्यवस्थापनका लागि दुई छुट्टाछुट्टै समिति गठन गरेको छ ।

महानगरपालिकाका अनुसार पोखरा बसपार्क क्षेत्रभित्र बसोबास गर्दै आएका तथा यही जेठ ८ गतेसम्म आफ्नो विवरण तथा लगत अद्यावधिक गराएका ५७२ सुकुमवासी तथा भूमिहीन परिवारको तथ्यगत अध्ययन, छानबिन र सत्यतथ्य पहिचान तथा वास्तविकसा सुकुमवासीको व्यवस्थापनका लागि समिति गठन गरिएको हो । रासस

# नेपाल संस्कृत विश्वविद्यालयको पदाधिकारी नियुक्ति प्रक्रिया सुरु

काठमाण्डु । सरकारले नेपाल संस्कृत विश्वविद्यालयका रिक्त पदाधिकारी नियुक्तिका लागि प्रक्रिया शुरु गरेको छ ।

नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले आज सूचना प्रकाशित गरी उपर्युक्त पदहरूमा दरखास्त आह्वान गरेको हो ।

समितिले यही जेठ ११ मा स्वीकृत ‘नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८३’ बमोजिम दरखास्त आह्वान गरिएको छ ।

इच्छुक योग्य व्यक्तिले सूचना प्रकाशित भएको मितिले १० दिनभित्र शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयको ‘वेबसाइट’मा दिइएको धधध.ुयभकत.नयख.लउ मा दिइएको लिङ्कमा गई दरखास्त दिन सकिनेछ ।

उल्लिखित कार्यविधि मन्त्रालयको वेबसाइटमा राखिएको छ ।

नियुक्ति प्रक्रियामा पारदर्शिता, योग्यता प्रणाली र प्रक्रियागत निष्पक्षता बलियो बनाउन कार्यविधि बनाएर पदाधिकारी छनोट गर्न लागिएको हो ।

नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा १६ क बमोजिम विश्वविद्यालयका कुलपतिबाट सिफारिस समिति गठन भएको एवं उच्च शिक्षाको क्षेत्रमा अनुभव भएका योग्यतम व्यक्ति खुला प्रतिस्पर्धाको माध्यमबाट छनोट गरी नियुक्तिका लागि सिफारिस गर्नुपर्ने व्यवस्था भएअनुरूप उम्मेदवार छनोटका विधि, आधार, प्रक्रिया तय गरी नियुक्तिको लागि सिफारिस गर्न समितिले कार्यविधि बनाइएको हो ।



कार्यविधिअनुसार समितिले उम्मेदवारबाट पेस भएका योग्यता, अनुसन्धानमूलक लेख, विश्वविद्यालयसम्बन्धी शोधपत्र तथा विश्वविद्यालयको चारवर्षे रणनीतिक कार्य योजनसहितको मूल्याङ्कन, उम्मेदवारले गरेको प्रस्तुतीकरण तथा भएका अन्तर्वार्ता आधारमा उपलब्ध भएसम्म क्रमशः तीन/तीन जना उम्मेदवार छनोट गरी योग्यताका आधारमा उपकुलपतिको हकमा ऐनको दफा १६ को उपदफा (३), शिक्षाध्यक्षको हकमा ऐनको दफा १७ को उपदफा (१) र कुलसचिवको हकमा ऐनको दफा १८ को उपदफा (१) बमोजिम नियुक्तिका लागि सिफारिस गर्नेछ ।

कार्यविधिअनुसार उपकुलपति र शिक्षाध्यक्ष छनोट विधिमा मूल्याङ्कन १०० पूर्णाङ्कमा आधारित हुनेछ । प्रकाशित अनुसन्धान, पुस्तक, प्रशासनिक अनुभव, प्रस्तुतीकरण र अन्तर्वार्तालाई अङ्क दिइनेछ भने अत्यधिक कम वा धेरै अङ्क दिँदा कारण खुलाउनुपर्ने व्यवस्था पनि गरिएको छ ।

नयाँ कार्यविधिले उपकुलपति बन्न कम्तीमा विद्यावारिधि उपाधि हासिल गरेको अनिवार्य गरेको छ भने कम्तीमा १० वर्ष अनुसन्धान तथा प्राज्ञिक अनुभव, उच्च नैतिक चरित्र र राजनीतिक दलको सदस्य नरहेको र लेख रचना प्रकाशन गरेको भए सोको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

यस्तै, बढीमा पाँच हजार शब्दसम्मका नेपाल संस्कृति विश्वविद्यालयसम्बन्धी शोधपत्र र नेपाल संस्कृति विश्वविद्यालयका लागि आफ्नो चारवर्षे रणनीति कार्ययोजना पेस गर्नुपर्नेछ ।

कुलसचिवका लागि मान्यताप्राप्त विश्वविद्यालयबाट संस्कृत भाषा वा साहित्यमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको, उच्च शिक्षामा प्राविधिक वा शैक्षिक प्रशासन वा अनुसन्धानको क्षेत्रमा १० वर्षको अनुभव भएको प्रमाण पेस गर्नुपर्नेछ ।

बढीमा पाँच हजार शब्दसम्मका नेपाल संस्कृति विश्वविद्यालयसम्बन्धी शोधपत्र र नेपाल संस्कृति विश्वविद्यालयका लागि आफ्नो चारवर्षे रणनीति कार्य योजना पेस गर्नुपर्नेछ । रासस

# निजी अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम स्थगन

काठमाण्डु । स्वास्थ्य बिमा बोर्डले निजी (स्वास्थ्य संस्था) अस्पतालबाट प्रदान गरिने स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत स्वास्थ्य सेवा स्थगित गर्ने निर्णय गरेको छ ।

बोर्डका निमित्त कार्यकारी निर्देशक शकुन्तला प्रजापतिले सबै निजी अस्पतालमा जेठ १६ देखि लागू हुने गरी स्वास्थ्य बीमा कार्यक्रम स्थगित गरेको जानकारी दिनुभयो ।


उहाँले बोर्डको बढ्दो वित्तीय सङ्कटलाई दृष्टिगत गर्दै अर्को निर्णय नभएसम्मका लागि बीमा कार्यक्रममा आबद्ध निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिक सेवाबाहेक सबै स्वास्थ्य सेवा स्थगित गरिएको बताउनुभयो ।

बोर्डका सूचना अधिकारी विकेश मल्लले बोर्डमा ३६ वटा निजी अस्पताल आबद्ध भई बीमितलाई स्वास्थ्य सेवा उपलब्ध गराइरहेका थिए । उहाँका अनुसार बोर्डमा ५०५ स्वास्थ्य संस्थामध्ये ४४२ सरकारी र २७ सामुदायिक स्वास्थ्य संस्था बीमा बोर्डमा आबद्ध छन् ।

उहाँले बोर्डको सङ्कट टार्नका लागि व्ययभार तत्कालका लागि निजी स्वास्थ्य संस्थामा बीमा कार्यक्रम स्थगित गरिएको बताउनुभयो ।

स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत पाँच परिवारसम्मका लागि रु तीन हजार ५०० बराबरको योगदानका आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवासुविधा उपलब्ध गराइन्छ ।

यस्तै थप प्रतिसदस्य रु ७०० का दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवासुविधा थपिने प्रावधान रहेको छ । स्वास्थ्य बिमा कार्यक्रममा ५९ लाख ७० हजार ४०३ बीमित रहेका छन् । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मधेश प्रदेशको बजेट: आर्थिक पुनरुत्थान र रूपान्तरणको मार्गचित्र



इन्द्रजीत सहनी

नेपालको संघीय संरचनामा मधेश प्रदेश केवल एक भौगोलिक इकाई मात्र होइन, यो मुलुकको आर्थिक मेरुदण्ड र खाद्य सुरक्षाको प्रमुख आधार स्तम्भ हो। नेपालको कुल भू-भागको सानो हिस्सा ओगटे पनि यस प्रदेशले राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (न्मए) मा करिब १३.१ प्रतिशतको महत्वपूर्ण योगदान दिँदै आएको छ। करिब ६१ लाख जनसंख्या र उच्च जनघनत्व रहेको यस प्रदेशलाई 'नेपालको अन्नभण्डार' का रूपमा चिनिन्छ। तर, हालैका तथ्याङ्कहरूले मधेशको अर्थतन्त्रमा गम्भीर संकटको संकेत गरेका छन्।

आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको आर्थिक वृद्धिदर मात्र १.३१ प्रतिशत रहने अनुमान गरिएको छ। अघिल्लो आर्थिक वर्षको ३.१८ प्रतिशतको वृद्धिदरको तुलनामा यो गिरावट निकै चिन्ताजनक छ। यसको मुख्य कारण सन् २०२५ मा परेको विनाशकारी सूखा हो। विशेष गरी महोत्तरी, धनुषा र सिराहा जिल्लाका ६० देखि ७० प्रतिशत धान खेती प्रभावित हुँदा प्रदेशले ४ लाख देखि ४ लाख ५० हजार मेट्रिक टन धान उत्पादन गुमाउनु पर्यो। यसले राष्ट्रिय खाद्यान्न आपूर्तिमा १० प्रतिशतको ह्रास ल्याएको छ। यस परिस्थितिले के प्रमाणित गर्दछ भने मधेशको अर्थतन्त्र अझै पनि पूर्णतः मनसुनी वर्षा र परम्परागत कृषिमा निर्भर छ। त्यसैले, अब आउने आर्थिक वर्ष २०८३/८४ बजेट केवल परम्परागत विनियोजनमा सीमित नभई डाटामा आधारित, प्रमाणमुखी र परिणाममुखी हुन आवश्यक छ।

**कृषि र जल व्यवस्थापनः संरचनात्मक रूपान्तरणको प्रस्थानविन्दु**

मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान ३५ प्रतिशत छ। यहाँका ७ लाख ३८ हजारभन्दा बढी कृषक परिवारहरूमध्ये ४३ प्रतिशतले वर्षभरि आफ्नै उत्पादनबाट खान पुग्ने अवस्था छैन। यो खाद्य असुरक्षा र ग्रामीण गरिबीको मुख्य कारण हो। त्यसैले, अबको बजेटको कुल हिस्साको ३० देखि ३५ प्रतिशत कृषि र जल व्यवस्थापनमा खर्चिनु पर्छ।

- स्मार्ट सिंचाइ पूर्वाधारः आकासे पानीको भरमा गरिने खेतीले अब मधेशको अर्थतन्त्र धान्न सक्दैन। बजेटले सोलार पम्प, डिप ट्युबवेल र ठूला सिंचाइ नहरहरूको मर्मतमा ठूलो लगानी गर्नुपर्छ। प्रत्येक खेतमा पानी पुऱ्याउने उद्देश्यका साथ 'स्मार्ट सिंचाइ प्रणाली' लागू गर्नु आवश्यक छ।
- जलवायु अनुकूल कृषिः २०२५ को सूखाबाट पाठ सिक्दै सरकारले सूखा-प्रतिरोधी बीउ विजनको अनुसन्धान र वितरणमा जोड दिनुपर्छ। कृषि बीमा योजनालाई अनिवार्य र सरल बनाउनुपर्छ ताकि प्राकृतिक विपद्को समयमा कृषकको लगानी सुरक्षित हुनुपर्छ।
- बजार र मूल्य सुनिश्चितताः कृषकले आफ्नो उत्पादनको उचित मूल्य नपाउने समस्या अन्त्य गर्न उत्पादन सुरु हुनुभन्दा अगाडि नै 'न्यूनतम समर्थन मूल्य' तोक्नुपर्छ। प्रत्येक पालिकामा आधुनिक शीतभण्डार (Cold Storage) र भण्डारण केन्द्रहरूको निर्माण गरी बिचौलियाको अन्त्य गर्नुपर्छ।
- युवा र कृषि उद्यमशीलताः कृषिमा युवाहरूलाई आकर्षित गर्न ब्याज अनुदान, प्रविधि हस्तान्तरण र कृषि-आधारित उद्योग (Agro–industries) प्रवर्धन गर्ने प्याकेज बजेटमा समावेश हुनुपर्छ।

**शिक्षामा लगानीः मानव पूजी निर्माणको महाअभियान**

मधेशप्रदेशको साक्षरता दर ६३.५ प्रतिशत मात्र छ, जुन ७६ प्रतिशतको राष्ट्रिय औसतभन्दा निकै तल हो। रौतहट (५८.८%) र महोत्तरी (५९.८%) जस्ता जिल्लाहरू साक्षरताको दृष्टिले निकै पछाडि छन्। महिला साक्षरता दर अझै ५४.७ प्रतिशतमा खुम्चिएको छ। शिक्षामा हाल विनियोजित ३.५७ अर्ब रुपैयाँ (करिब ६-७ प्रतिशत) यो विशाल शैक्षिक खाडल पुर्न पर्याप्त छैन।



- बजेट दोब्बर बनाउने आवश्यकताः शिक्षा क्षेत्रको बजेटलाई कम्तीमा १५ देखि २० प्रतिशत पुऱ्याउनुपर्छ। यो लगानी भौतिक पूर्वाधार, गुणस्तरीय विद्यालय भवन, प्रयोगशाला र डिजिटल सिकाइ केन्द्रहरूमा खर्च हुनुपर्छ।
- ड्रपआउट नियन्त्रणः आधारभूत तहमा रहेको ९ देखि २२ प्रतिशतको विद्यालय छोड्ने दर (Dropout) घटाउन लक्षित कार्यक्रमहरू आवश्यक छन्। पोषणयुक्त मध्याह्न भोजन, आकर्षक छात्रवृत्ति र गुणस्तरीय शिक्षक तालिमले विद्यालयमा विद्यार्थीको उपस्थिति बढाउन सक्छ।
- बेटी पढाऊ, बेटी बचाऊको प्रभावकारिताः यो लोकप्रिय कार्यक्रमलाई साइकल वितरणमा मात्र सीमित नगरी छोरीहरूको उच्च शिक्षा, रोजगारी र सशक्तीकरणसँग जोड्नुपर्छ। प्राविधिक र व्यावसायिक शिक्षालाई गाउँ-गाउँसम्म पुऱ्याएर मात्र बेरोजगारीको समस्या समाधान गर्न सकिन्छ।

**स्वास्थ्य र पोषणः स्वस्थ जनशक्ति, समृद्ध प्रदेश**

मधेशमा बालबालिकाको स्वास्थ्य स्थिति चिन्ताजनक छ। ५ वर्षमुनिका ३१.१ प्रतिशत बालबालिकामा पुड्कोपन (Stunting) र २३.२ प्रतिशतमा कम तौल (Underweight) को समस्या छ। शिशु मृत्युदर (२० प्रति हजार) र अण्डर-५ मृत्युदर (३३ प्रति हजार) राष्ट्रिय औसतभन्दा उच्च रहनुले स्वास्थ्य सेवाको पहुँचमा कमी देखाउँछ।

- पूर्वाधार र जनशक्तिः प्रादेशिक अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रहरूलाई सुविधासम्पन्न बनाउनु पर्छ। विशेष गरी ग्रामीण क्षेत्रमा चिकित्सक र स्वास्थ्यकर्मीको संख्या बढाउन र औषधिको नियमित आपूर्ति सुनिश्चित गर्न बजेट केन्द्रित हुनुपर्छ।
- पोषण र जनचेतनाः कुपोषणलाई निर्मूल पार्न दलित, मुस्लिम र पिछडिएका समुदाय लक्षित विशेष पोषण प्याकेजहरू ल्याउनुपर्छ। 'सुनौला हजार दिन' जस्ता कार्यक्रमलाई समुदाय स्तरसम्म प्रभावकारी रूपमा लैजानुपर्छ।
- महामारी नियन्त्रण र डिजिटल हेल्थः जलवायु परिवर्तनका कारण बढ्दो डेंगु, हैजा र अन्य संक्रामक रोगहरू नियन्त्रण गर्न 'डिजिटल स्वास्थ्य निगरानी प्रणाली' (Digital Health Surveillance) लागू गर्नुपर्छ।

**पूर्वाधार, रोजगारी र जलवायु अनुकूलनको त्रिकोणात्मक सम्बन्ध**

मधेशमा उच्च जनघनत्व भएकाले यहाँको पूर्वाधार विकासले प्रत्यक्ष रूपमा आर्थिक गतिविधि बढाउँछ। तर, अबको पूर्वाधार निर्माण 'जलवायु उत्थानशील' (Climate Resilient) हुनुपर्छ।

- सडक र शहरी विकासः ग्रामीण सडकलाई कालोपत्रे गर्ने र कृषि उपजलाई बजारसम्म पुऱ्याउने गरी सडक सञ्जाल विस्तार गर्नुपर्छ। व्यवस्थित बसोबासका लागि शहरी पूर्वाधारमा लगानी बढाउनुपर्छ।
- रोजगारी सिर्जनाः युवा स्वरोजगार कार्यक्रम, स्टार्टअप फन्ड र सीप विकास केन्द्रहरू मार्फत वार्षिक हजारौं युवालाई रोजगारीमा जोड्नुपर्छ। वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको पूँजी र सीपलाई स्थानीय उत्पादनमा लगाउन सहुलियतपूर्ण ऋणको व्यवस्था हुनुपर्छ।
- जलवायु अनुकूलन र विपद् व्यवस्थापनः चुरे संरक्षण मधेशको अस्तित्वसँग जोडिएको विषय हो। चुरेको दोहन रोक्न, वन संरक्षण गर्न र जलाधार क्षेत्रको पुनरुत्थान गर्न बजेट छुट्याउनुपर्छ। बाढी र सूखाको क्षति कम गर्न 'पूर्व सूचना प्रणाली' (Early Warning System) लाई अत्याधुनिक बनाउनुपर्छ।

**सुशासन र बजेट कार्यान्वयनको गुणस्तर**

मधेश प्रदेशको चालु आर्थिक वर्षको बजेट ४६.५८ अर्ब रुपैयाँ छ, तर पूँजीगत खर्चको दर निराशाजनक छ। खर्च हुन नसकेको बजेटले विकासको प्रतिफल जनतासम्म पुऱ्याउन सक्दैन।

- नतिजामा आधारित बजेट (Result–based Budgeting): कुन आयोजनाले कति रोजगारी सिर्जना गर्यो र गरिबी घटाउन कति मद्दत गर्यो भन्ने आधारमा आगामी बजेट विनियोजन हुनुपर्छ।
- ई-गभर्नेन्स र पारदर्शिताः भ्रष्टाचार र ढिलासुस्ती अन्त्य गर्न सरकारी सेवालाई डिजिटल बनाउनुपर्छ। ई-टेन्डरिङ र आयोजनाहरूको नियमित अनुगमनका लागि उच्चस्तरीय संयन्त्र निर्माण गर्नुपर्छ।
- राजस्व वृद्धिः संघीय अनुदानमा मात्र भर नपरी प्रदेश सरकारले आफ्नो आन्तरिक राजस्व (सम्पत्ति कर, पर्यटन शुल्क, कृषि कर आदि) को दायरा बढाउनुपर्छ। निजी क्षेत्रसँगको साझेदारी (PPP) मोडलमा ठूला पूर्वाधार निर्माण गर्न लगानीमैत्री वातावरण बनाउनुपर्छ।

**पर्यटन र सांस्कृतिक प्रवर्धनः आर्थिक विकासको अर्को आयाम**

मधेश प्रदेश सांस्कृतिक र धार्मिक रूपमा अत्यन्त धनी छ। जनकपुरधाम जस्ता ऐतिहासिक र धार्मिक स्थलहरूलाई विश्वभरका पर्यटकको केन्द्र बनाउन सकिन्छ।

- धार्मिक पर्यटन सर्किटः जनकपुर, शिवनगर,सिम्रौनगढ र गढीमाई जस्ता स्थलहरूलाई जोडेर पर्यटन सर्किट निर्माण गर्नुपर्छ। यसले स्थानीय स्तरमा होटल, यातायात र हस्तकला उद्योगलाई प्रवर्धन गर्नेछ।
- सांस्कृतिक संरक्षणः मधेशको लोककला (मिथिला आर्ट), संगीत र भाषाको संरक्षणका लागि बजेटले विशेष स्थान दिनुपर्छ।

**निष्कर्षः अबको बाटो**

मधेश प्रदेशका चुनौतीहरू पहाड जत्तिकै ठूला छन्, तर यहाँका सम्भावनाहरू सागर जत्तिकै गहिरा छन्। १.३१ प्रतिशतको आर्थिक वृद्धिदरले हामीलाई एउटा महत्वपूर्ण मोडमा उभ्याएको छ। यदि हामीले परम्परागत शैलीकै बजेटलाई निरन्तरता दियौं भने मधेश आर्थिक मन्दी र गरिबीको दुष्चक्रमा फस्ने निश्चित छ।

रूपान्तरणका लागि अबको बजेटमा साहस र स्पष्ट मार्गचित्र आवश्यक छ। कृषिलाई आधुनिकीकरण गर्ने, शिक्षा र स्वास्थ्यमा ठूलो लगानी गर्ने, र युवाहरूलाई प्रदेशभित्रै भविष्य देख्ने वातावरण बनाउनु नै आजको मुख्य आवश्यकता हो। प्रदेश सरकार, सांसदहरू, नीति निर्माता र निजी क्षेत्रले एकबद्ध भएर तथ्याङ्कलाई योजनामा र योजनालाई परिणाममा बदल्नुपर्छ।

दीर्घकालीन सोच, प्रभावकारी कार्यान्वयन र समावेशी विकासले मात्र मधेशलाई समृद्ध बनाउन सक्छ। ६१ लाख जनताको आशा र समृद्धिको सपना साकार पार्न यो बजेट एउटा 'ऐतिहासिक रूपान्तरणको दस्तावेज' बन्नुपर्छ। यदि हामीले यी प्राथमिकताहरूलाई इमानदारीपूर्वक कार्यान्वयन गर्न सक्यौं भने, मधेश पुनः नेपालको समृद्धिको वास्तविक संवाहक बन्नेछ र १.३१ प्रतिशतको निराशाजनक वृद्धिदर इतिहास बन्नेछ।

# उद्यमशिलता र रोजगारी केन्द्रित बजेटको आवश्यकता



रिसव गौतम

बालेन शाह नेतृत्वको नयाँ सरकारले आगामी आर्थिक बर्ष २०८३/८४ का लागि नीति तथा कार्यक्रम सार्बजनिक गरिसकेको छ । बजेटका प्राथमिकताहरु समेत सार्बजनिक भइसकेका छन् । बजेट तिब्र रुपमा बन्ने क्रममा छ । बजेट सम्बन्धमा विभिन्न बृत्तमा छलफल र सुझाव प्रेषित गर्ने कार्य पनि भइरहेका छन् ।

आगामी बजेट कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा विभिन्न संघ, संस्था, बर्ग, पक्ष, समुदाय सबै-सबैका आ-आफना तर्क, अपेक्षा र मागहरु छदैछन् । समग्रमा बजेटले सबैका आशा र अपेक्षामा मल्हम लगाउनु पर्छ । अर्थात बजेटले आम जनतालाई न्याय गर्न सक्नुपर्छ ।

बजेट सरकारले काम गरेर देखाउने सबैभन्दा ठुलो औजार पनि हो । बजेटले ३ करोड नेपालीको भात भान्सादेखि दैनिक जनजिवनमा पनि प्रभाव पार्दछ । बजेटले जनताका सपनाहरु पुरा गर्ने दायित्व बोकेको हुनुपर्छ । त्यसकारण बजेट देशको अत्यन्त महत्वपुर्ण कार्यक्रम हो । फलत बजेटको विषयमा सघन बहस, छलफल आवश्यक हुन्छ ।

बजेट बनाउने कार्यदलले जे देख्छ, सरकारी पदाधिकारी, मन्त्री, सासंदहरुले जे देख्छन् । जनताको पिडा, मर्का वा आवश्यकता त्यो भन्दा पृथक पनि हुन सक्छन् । सुगमदेखि दुर्गमसम्मका जनताको आवश्कयता, पिडा, मर्का बुझ्न् बृहत्तर कोणबाट आउने सुझाव, तर्क, तथ्य, छलफल महत्वपुर्ण हुन्छ । ती सबै कोणबाट आएका सुझावलाई संबोधन गरेर बजेट आउनु पर्छ ।

हुन त हाम्रा विद्धवान अर्थमन्त्री डा स्वर्णिम वाग्लेले रास्वपा नेतृत्वको सरकारले ल्याउने यसपटकको बजेट रुपान्तरणकारी हुने बताएका छन् । उनले बजेटले विगतको जस्तो ट्रेन्ड तोड्ने बताएका छन् । वाग्लेले कस्तो बजेटको प्रक्षेपण गरेका हुन् त्यसको लागि त आउँदै गरेको जेठ १५ कुर्नै पर्छ । तर देशको वस्तुगत अवस्था भने उनले भने जस्तो कायापलट हुने खालको छैन । किनकी देशको राजस्वको स्रोत अत्यन्त कमजोर छ । जेनजी आन्दोलनपछि ब्यवसायिक वातावरण झन् भत्केको अवस्था छ । फेरी नयाँ बालेन शाह नेतृत्वको सरकारले विभिन्न अनुसन्धानमा ब्यवसायी माथी धरपक्कड सुरु गरेपछि ब्यवसायी त्रसित पनि छन् । भएका उद्योग कलकारखाना पनि आधा मात्र क्षमतामा सञ्चालित छन् । अघिल्ला आर्थिक बर्षहरु भन्दा राजस्वको स्रोत खुम्चिएको अवस्था छ । गत बर्ष राजस्व करिव १२ खर्ब भन्दा केही बढी संकलन भएकोमा चालु खर्च अर्थात सरकार सञ्चालन खर्च ११ खर्ब ८० अर्ब ६५ करोड छुट्र्याइएको थियो । यसरी सरकारको आम्दानीले चालु खर्च नधान्ने अवस्था अहिले छ । चालु खर्चतर्फ नै नेपालले कुल बजेटको ६५ प्रतिशत रकम छुट्र्याउनु पर्ने अवस्था छ । सार्वजनिक ऋण चालु आर्थिक बर्षको तेश्रो त्रैमाससम्ममा २९ खर्ब ३३ अर्ब ७९ करोड नाकिसकेको छ । सरकारले विकास बजेट भन्दा वित्त ब्यवस्थापन (ऋणको सावा ब्याज तिर्न छुट्र्याइने रकम) तर्फ बढी रकम छुट्र्याउनु पर्ने अवस्था आइसकेको छ । विकास बजेट ३ खर्ब हाराहारी छुट्र्याइने गरिए पनि आर्थिक बर्षको अन्त्यसम्ममा ठेक्का पट्टाको काम अघि नबढ्दा ६०-६५ प्रतिशत पनि खर्च नहुने अवस्था छ । अर्थात सरकारले बार्षिक २ खर्ब रकम पनि विकास बजेट खर्च गर्न सक्दैन । त्यो खालको अवस्था विधमान छ । देशको आम्दानी र खर्चको यो खालको नाजुक अवस्थाबीच सरकारले सर्लक्कै कायाकल्प हुनेगरी रुपान्तरणकारी बजेट ल्याउने कुरा गफ सिवाय केही होइन् । किनकी विगतका पनि बजेट निहित कार्यक्रमहरु नराम्रा होइनन् । बजेट जहिल्यै सुन्दा गुलुयो र मिठो नै आउने गरेको छ । तर त्यसको कार्यान्वय सदै भुर हुने गरेको छ । यो वास्तविकता आम जनताले बुझेका छन् । यस्तोमा पुरै कायाकल्प भनेर शब्दजलप गरेर जनताले पत्याउने छैनन् ।




मुख्य कुरा नयाँ सरकारले सुरुवात देखि नै ब्यवसायीक वातावरण बनाइरहेको छैन । गलत गरेका ब्यवसायीहरुलाई सुन्ने भन्दा एकैचोटी धुन्ने र अदालतले धरौटीमा छाड्नुपर्ने अवस्था छ । मुल रुपमा हिजोको फोहोर सफा गर्ने नाममा ब्यवसायीक वातावरण भत्काउने, रोजगारीका अवस्था भताभुंग बनाउने गर्नु हुदैन । एउटा ब्यवसायीलाई एक हिसावले साधारण ब्यक्ति सरह मात्र सोचेर पनि हुदैन । उसले समाजमा सिर्जना गरेको हजारौं रोजगारीले लाखौंको भान्सा चुलो चलेको हुन्छ । त्यसकारण व्यवसायिक वातावरण सम्बृद्धिको मुल ढोका हो । सरकारले ब्यवसायिक वातावरण जगाउने, शेयर लगानीकर्ताहरु उत्साहित बनाउने गरी बजेट बनाउनु पर्छ ।

अहिलेको समकालिन नेपालको मुल समस्या भनेकै बेरोजगारी हो । त्यो पनि शैक्षिक बेरोजगारी हो । हो, त्यही जरोलाई टेकेर बजेट बनाइनु पर्छ । पुर्बाधार क्षेत्रमा पनि नेपालमा विगतमा धेरै काम भएका हुन् । काम मात्र नभएर सँगसँगै भष्टाचारहरु पनि धेरै भए, जसले गर्दा नेपालमा आजको अवस्था आइपरेको हो ।

उद्यमशीलता र रोजगारी सम्बृद्ध नेपाल बनाउने कुराको कडि हुन् । जतिसुकै पुर्बाधार विकास भएपनि रोजगारी भएनन् भने, उद्यमशीलता मौलाएन भने जनतामा निराशा फैलिन्छ । त्यसकारण यसपटकको बजेट बेरोजगारी समस्या हल गर्नेगरी र उद्यमशीलता मौलाउने कुरालाई प्रमुख प्राथमिकतामा राखेर आउनु पर्छ । सरकारले राष्ट्रिय गौरवका २७ वटा आयोजनालाई प्राथमिकतामा राख्दै आएको छ । त्यो भन्दा पनि देशकै पहिलो प्राथमिकता रोजगारी सिर्जनामा हुनुपऱ्यो । उद्यमशीलता अभिबृद्धि गर्ने कुरामा हुनुपर्यो । त्यो नभए फेरीपनि जेनजी आन्दोलनहरु भइनै रहन्छन् । देशले विध्वसको भारी बोकीरहनु पर्नेछ । जनयुद्धहरु दोहोरिनेछन् । सामाजिक रुपमा आर्थिक असमानता बढीनै रहनेछ ।

तर देशमा भएरहेका युवा, युवती वा काम गर्नसक्ने जनशक्तिलाई रोजगारी दिने, उद्यमी ब्यवसायी बनाउने तर्फ सोच्न सकियो भने त्यसले तमाम असमानता, विद्रोह वा विध्वसंको कारणहरु मथ्थर गर्नेछन् । रोजगारी र अवसरहरुले मानिसहरु आफै आफना स्तरउन्नती गर्नेछन् । अहिले ९० लाख नेपालीहरु मुलुक बाहिर छन् । त्यसको कारण यसअघिका धेरै सरकारले रोजगारी सिर्जनामा ध्यान दिन नसक्दाको परिणाम हो । बेरोजगार वा गरिव हुनु भनेको आजको आधुनिक, प्रतिपर्धि युगमा नरक बराबर हो । सरकारले युवाहरुलाई वेवास्ता गरेर सधैँ नरक तुल्य जिवन जिउन बाध्य पार्नु हुन्न । विदेशीको दैलो चर्हाने बनाउनु हुदैन । विगतको र अहिलेको बजेटमा यही फरक हुनुपर्छ । बृहत्तर रोजगारी र उद्यमशीलता सिर्जना गर्ने गरी सोचिनु पर्छ ।

बेरोजगारी भएपनि मानिसहरु अराजक गतिविधिमा अल्झिने सम्भावनाहरु हुन्छन् । कामकाजी भएपछि मान्छेको ध्यान आफ्नो डिउटीमा हुनेछ । त्यसैले आगामी बजेटमा व्यवसायिक वातावरण बनाउने, उद्यमी बन्नका लागि युवाहरुलाई ब्यापक सिप, बिउ पुँजी र तालिम दिने गरी बजेटमा ठुलो कोष छुट्र्याउन जरुरी छ । हालका बर्षहरुमा सरकारले आफनो तर्फबाट बार्षिक ३-४ हजारलाई पनि नयाँ रोजगारी दिन सकेको छैन । नीजि क्षेत्रले जिडीपीको ८५ प्रतिशत हिंस्सा ओगट्छ, तर नीजि क्षेत्रलाई पनि सरकारले रोजगारी सिर्जना गर्ने गरी वातावरण बनाउन सकेको छैन ।

हिजोआजका बर्षहरुमा बार्षिक ५ लाख हाराहारी नयाँ युवाहरु श्रम बजारमा आउने देश नेपालमा बजेटको प्राथमकिता भने सधै अर्कैतिर हुन्छ । त्यसपछि युवाहरु झोलीतुम्बो बोकर विदेशीका आँगन चर्हान विवश हुन्छन् । हो, त्यस्तै खाले बजेट ल्याउने हो र त्यसैलाई रुपान्तरणकारी भन्ने हो भने बेग्लै कुरा । नभए ठुला कुरा नगरी देशको भयावह बेरोजारीको अवस्थालाई मध्यनजर गरी यो पटकको बजेट युवामुमी र बेरोजगारी समस्या हल गर्नमा केन्द्रित होस् ।

गौतम आर्थिक लेखक तथा विश्लेषक हुन् ।

# हिमाली वातावरणको संरक्षण आजको आवश्यकता हो : राष्ट्रपति पौडेल




काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले दिगो हिमाली पर्यटन, जिम्मेवार पर्वतारोहण तथा हिमाली वातावरणको संरक्षण आजको आवश्यकता भएको बताउनुभएको छ ।

राष्ट्रपति पौडेलले विश्वका विभिन्न मुलुकबाट आएका सगरमाथा आरोहीको सम्मानमा आज यहाँ आयोजना गरिएको 'सगरमाथा समिटर्स समिट-२०२६' लाई सम्बोधन गर्दै हिमाली वातावरणको संरक्षण आजको आवश्यकता भएको बताउनुभएको हो ।

"सगरमाथा केवल नेपालको भौगोलिक पहिचान मात्र नभएर यो सिङ्गो देशको प्रतिष्ठा, गौरव र विश्वकै अमूल्य प्राकृतिक सम्पदा हो, यी सम्पदाको संरक्षण, सम्वर्द्धन, प्रचारप्रसार र सन्तुलित उपयोगबाट नेपालको पर्यटन क्षेत्रमार्फत हाम्रो अर्थतन्त्रमा टेवा पुगेको छ", उहाँले भन्नुभयो ।

राष्ट्रपतिपौडेलले विश्वव्यापी तापमान वृद्धि, जलवायु परिवर्तनका असर र पर्वतारोहण क्षेत्रमा फोहर थुप्रिनेजस्ता समस्या अहिले चुनौती बनेको बताउनुभयो । "यी समस्याको समाधान गरी सगरमाथा क्षेत्रको पर्यावरण तथा जैविक विविधता संरक्षण गर्दै पर्वतारोहणलाई सुरक्षित एवं दिगो र प्रविधिमैत्री बनाउन थप प्रयास र सहकार्य आजको आवश्यकता हो", राष्ट्रपति पौडेलले भन्नुभयो ।

हिमाल र हिमाली पर्यावरणको संरक्षणका लागि अन्तरराष्ट्रिय सहकार्य, संवाद तथा सचेतना अभिवृद्धिमा विश्वभरिका सगरमाथा आरोहीलाई एकैठाउँमा भेला गराएर विशेषतः सगरमाथासहित हिमाली क्षेत्रको बहुआयामिक पक्षबारे सार्थक छलफल हुने यो सम्मेलनको विशेष महत्व रहेको धारणा उहाँले व्यक्त गर्नुभयो ।

"आरोहणका क्रमका भोगाइ र अनुभवबाट प्राप्त गरेको ज्ञान नेपाल र नेपालीको मात्र नभएर विश्वकै गौरव, शान र पहिचानका रुपमा रहेको सगरमाथालाई यसको प्राकृतिकस्वरुपमा जीवन्त राख्न पनि यस सम्मेलनले विशेष ध्यान दिने मैले विश्वास लिएको छु", राष्ट्रपति पौडेलले भन्नुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले नेपालको पर्यटन प्रवर्द्धनमा 'सगरमाथा समिटर्स समिट-२०२६' फलदायी हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले जलवायु परिवर्तनको असर सगरमाथा र नेपालका हिमालमा पर्दै गएको भन्दै चिन्ता व्यक्त गर्नुभयो । रासस

# शासकीय सुधारका सय बुँदे कार्यसूचीमा सञ्चार मन्त्रालयको उल्लेख्य प्रगति, अधिकांश काम सम्पन्न

काठमाण्डु । गत चैत १३ गतेको मन्तिपरिषद् बैठकबाट स्वीकृत भएको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीमा उल्लेख भई सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गत कार्यान्वयन भइरहेकामध्ये अधिकांश कार्यक्रममा उल्लेखनीय प्रगति देखिएको छ ।

सञ्चार मन्त्रालयका अनुसार डिजिटल शासन, सेवाप्रवाहको सरलीकरण, नागरिक एपको विस्तार, सरकारी प्रणालीहरूको अन्तरआबद्धता तथा सार्वजनिक सेवाको पारदर्शिता अभिवृद्धिसम्बन्धी धेरै काम सम्पन्न भएका छन् भने केही कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन् ।

सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी र कागजरहित बनाउने उद्देश्यले सञ्चालन गरिएको एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली ७०४ सरकारी निकायमा विस्तार गरिएको छ ।

मन्त्रालयका अनुसार २२ वटा सङ्घीय मन्त्रालयसहित ३५४ सङ्घीय निकाय, २८४ प्रदेशस्तरीय निकाय, ६२ स्थानीय तह तथा चार वटा संस्थान उक्त प्रणालीमा आबद्ध भइसकेका छन् । यो प्रणाली कार्यान्वयनका लागि साबिकका २२ मन्त्रालयसहित २७ निकायका प्रतिनिधिलाई प्रशिक्षक तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो । प्रदेश तथा स्थानीय तहका लागि छुट्टै प्रणाली सञ्चालन गर्न संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमसँग सहकार्य भइरहेको मन्त्रालयले जनाएको छ ।

सरकारी सेवा डिजिटल माध्यमबाट उपलब्ध गराउने अभियानअन्तर्गत नागरिक एपमा विभिन्न प्रमाणपत्र डाउनलोड गर्ने सुविधा थप गरिएको छ। प्रहरी प्रतिवेदन, नेपाल इन्जिनियरिङ परिषद्को प्रमाणपत्र तथा लोकसेवा आयोगको प्रवेशपत्र डाउनलोड गर्न मिल्ने व्यवस्था सुरु गरिएको मन्त्रालयले जनाएको छ। त्यस्तै कर्मचारीको व्यक्तिगत विवरण डाउनलोड गर्न मिल्ने व्यवस्था पनि लागू गरिएको छ । प्रहरी चारित्रिक प्रमाणपत्रका लागि नागरिक एपबाट राजस्व तिर्ने तथा अन्तिम प्रतिवेदन डाउनलोड गर्ने प्रणाली परीक्षणको चरणमा रहेको मन्त्रालयले जनाएको छ । जन्म, मृत्यु तथा व्यक्तिगत घटना दर्तासम्बन्धी सेवा नागरिक एपमा जोड्ने काम सुरु भइसकेको छ भने थप छ वटा सेवा आबद्ध गर्न कार्यविवरण तथा सूचीकरणको काम भइरहेको छ ।




सरकारी वेबसाइट तथा पोर्टललाई अपाङ्गतामैत्री बनाउने कार्यसमेत सम्पन्न भएको छ । मन्त्रालयका अनुसार अपाङ्गतामैत्री विशेषतासहित एकीकृत वेबसाइट सञ्चालनमा ल्याइएको छ । यसका साथै वेबसाइटहरूलाई थप अपाङ्गतामैत्री बनाउने सम्बन्धमा मन्त्रालयसहित ३० वटा निकायका प्रतिनिधिलाई तालिम प्रदान गरिएको छ । जसबाट कम प्राविधिक ज्ञान भएका नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई सरकारी डिजिटल सेवा उपयोग गर्न सहज हुने अपेक्षा गरिएको छ । सरकारी कार्यालयको कार्यसम्पादनलाई समयबद्ध, पारदर्शी र उत्तरदायी बनाउने उद्देश्यले गरिएको समय तथा गति अध्ययनसम्बन्धी समिति गठन कार्य सम्पन्न भएको छ ।

नागरिकता, राहदानी, सवारी चालक अनुमतिपत्रलगायतका सेवा नागरिकलाई छिटो छरितो, सहज र बिचौलियामुक्त बनाउन तथा यी सेवालाई फेसलेस तथा डिजिटल प्रविधिमा आधारित बनाउनका लागि सूचना प्रविधि विभागले सूचना प्रविधि विज्ञ टोली गठन गरिसकेको छ । मन्त्रालयका अनुसार उक्त टोलीले विभिन्न निकायसँगको सक्रिय रूपमा प्राविधिक सहयोग प्रदान गरिरहेको छ ।

सरकारी सेवामा नागरिकको एउटै विवरण पटक-पटक भर्नुपर्ने झन्झट हटाउन स्वतः विवरण भर्ने प्रणाली विकासको काम अगाडि बढाइएको छ । मन्त्रालयका अनुसार यातायात व्यवस्था विभाग तथा राहदानी विभागलाई आवश्यक प्रणालीगत पहुँच उपलब्ध गराइसकिएको छ ।

त्यस्तै बैंक तथा वित्तीय संस्था तथा निजी क्षेत्रबाट प्रदान गरिने सार्वजनिक सेवाको अन्तरआबद्धताका लागि सुशासन नियमावली संशोधन गर्नुपर्ने भएकाले त्यसका लागि लेखि पठाइएको छ ।

डिजिटल शासन तथा व्यक्तिगत तथ्याङ्क संरक्षणसम्बन्धी नीति तथा कानून निर्माण प्रक्रिया पनि अगाडि बढाइएको छ । यसका लागि गठित समितिले मस्यौदा तयारी गरिरहेको जनाएको छ । त्यस्तै सूचना प्रविधि तथा विद्युतीय शासनसम्बन्धी विधेयकको अवधारणाले पनि कानून तथा संसदीय मामिला मन्त्रालयबाट स्वीकृति प्राप्त गरिसकेको मन्त्रालयले जनाएको छ ।

नेपालको डिजिटल शासन प्रणालीलाई एकीकृत ढाँचामा लैजान राष्ट्रिय एकीकृत संरचना ढाँचा तयार गर्ने कार्य पनि अगाडि बढाइएको छ । मन्त्रालयका अनुसार यससम्बन्धी समिति गठन भइसकेको छ भने आधारभूत सिद्धान्तको प्रारम्भिक मस्यौदा तयार भइसकेको छ ।

नागरिक सेवा केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि, सेवा लिन लाग्ने समय निर्धारण गर्ने प्रणाली, सरकारी फाइल ढिलाइ भए माथिल्लो अधिकारीलाई स्वतः सूचना जाने व्यवस्था तथा डिजिटल हस्ताक्षरसम्बन्धी कार्य भने अझै पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेका छैनन् । हाल सूचना प्रविधि विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मातहत लगिएको छ । रासस

# नेकपाका जनप्रतिनिधिलाई प्रशिक्षण



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)को जनप्रतिनिधिहरूको प्रशिक्षण भेला बुधबारबाट काठमाण्डुमा शुरु भएको छ ।

नेकपा स्थानीय विभागद्वारा काठमाण्डुमा आयोजित प्रशिक्षण भेलामा देशभर नेकपाले जितेका स्थानीय तहका जनप्रतिनिधिहरूको सहभागीता रहेको छ ।

भेलामा स्थानीय तह विभाग प्रमुख अग्निप्रसाद सापकोटाले कार्यप्रगतिको समीक्षा र आगामी योजनाबारे प्रतिवेदन पेश गर्दै अहिलेसम्म भएका प्रगतिको समीक्षा, वस्तुनिष्ठ अवस्था बुझेर अघि बढ्नुपर्ने बताए ।

जनप्रतिनिधिहरू जनताको सुखदुखको प्रत्यक्ष अभिभावक भएकाले प्रत्यक्ष सेवालाई प्रभावकारी बनाउनुपर्ने उनले बताए । साथै, उनले पुराना कमीकमजोरीलाई सच्चाइ नयाँ पुस्तालाई समेत साथमा लिएर अघि बढ्नुपर्नेमा जोड दिए ।

प्रशिक्षण भेला बिहीबार संयोजक प्रचण्डले सम्बोधन गरेपछि समापन हुने जनाइएको छ ।

# मानव अधिकार प्रवर्द्धनमा आयोगको भूमिकाको प्रशंसनीय: सभामुख अर्याल

पाटन । प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले मानव अधिकारको रक्षा गर्न सामूहिक प्रयत्नको खाँचो औंल्याउनुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको २६औँ वार्षिकोत्सवका अवसरमा बुधबार यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले मानव अधिकार संरक्षण र प्रवर्द्धनमा आयोगले खेलेको भूमिकाको प्रशंसनीय रहेको छ भन्नुभयो ।

सभामुख अर्यालले भन्नुभयोले भन्नुभयो, "मानव अधिकारप्रति राष्ट्रिय तथा अन्तरराष्ट्रिय दायित्व पूरा गर्नका लागि आयोगले स्थापनाकालदेखि नै उच्चस्तरको कार्यसम्पादन गर्दै आएको छ, मानव अधिकारको रक्षालाई प्राथमिकतामा राखेर काम गर्नका लागि नीतिगत व्यवस्था गर्न सार्वभौम सत्ता सम्पन्न संसद् र त्यसको कार्यान्वयन गर्न नेपाल सरकारलाई पुऱ्याउँदै आएको भूमिकाको उच्चसम्मान गर्न चाहान्छु । विश्वव्यापी रुपमा मानव अधिकारको रक्षा र प्रवर्द्धनका निम्ति नेपालले निर्वाह गर्दै आएको भूमिकालाई मूल्याङ्कन गर्दै नेपालले जनाएको सामाजिक आर्थिक रुपान्तरणको सहयोग र समन्वयलाई अन्तरराष्ट्रिय तथा राष्ट्रिय मञ्चमा हाम्रो उपस्थिति र प्रतिनिधित्वले प्रष्ट पारेको छ ।"

उहाँले नेपालले अल्पविकसित र तथा भू-परिवेष्ठित मुलुकबीचको साझेदारी र समृद्धिका पक्षमा विगतदेखि नै आफ्नो आवाज उठाइरहेको तथा सिमान्तकृत र जोखिममा रहेका समुदायका पक्षमा मानव अधिकार प्रवर्द्धनमा लागिरहेको जानकारी दिनुभयो ।




"आयोगले गरेको उच्चस्तरको कार्यसम्पादनले नेपाललाई मानव अधिकारका क्षेत्रमा अन्तरराष्ट्रियस्तरमा 'क' श्रेणीमा कायम राख्न सफल भएकाले अन्तरराष्ट्रिय मञ्चमा उपस्थित हुन नेपालाई सहज हुने गरेको छ, अन्तरराष्ट्रियस्तरमा नेपालको ख्याति बढेको छ", सभामुख अर्यालले भन्नुभयो ।

उहाँले प्रतिनिधिसभामा मानव अधिकार संरक्षण र प्रवर्द्धनका विषयलाई प्राथमिकतामा राखेर कानुन निर्माण गर्ने कार्यलाई अगाडि बढाउने कुरामा प्रतिबद्धता जनाउँदै पेरिस सिद्धान्तअनुरुप स्थापित राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता र स्वयत्ततालाई कतैबाट आँच आउन नदिन सबै सदैव प्रतिबद्ध रहनुपर्छ भन्नेमा जोड दिनुभयो ।

उहाँले संसद् र मानव अधिकार संस्थाबीचको परस्पर समन्वयका आधारमा कानुन निर्माणमा ध्यान दिने कुरामा प्रतिबद्ध रहेको बताउँदै मानव बेचबिखनको विषय सम्बोधनका लागि मानव अधिकार आयोग र नागरिक समाजले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो ।

नागरिक र राजनीतिक अधिकारको संरक्षणका लागि सरकार र सुरक्षा निकाय सक्रिय रहेको बताउँदै मानव अधिकारको संरक्षण र अपराधमुक्त समाज निर्माणका लागि सबैको सहयोग आवश्यक रहेकामा जोड दिनुभयो ।

कार्यक्रममा नेपालका लागि संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडपी) का उपआवासीय प्रतिनिधि जुलियन चेभिलार्ड, गैरसरकारी संस्था महासङ्घ नेपालका अध्यक्ष अर्जुन भट्टराई र आयोगका सदस्य सदस्य लिली थापाले आ-आफ्नो धारणा राख्नुभएको थियो । रासस

# प्रतिनिधिसभा बैठक : मध्यपूर्वको समस्याका कारण रोकियो एक लाख ८७ हजार टन मल

काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले मध्यपूर्वको समस्याका कारण सम्झौता भइसकेको एक लाख ८७ हजार टन रासायनिक मल आउन नसकेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको बैठकको शून्य, आकस्मिक र विशेष समयमा उठेका प्रश्नहरूको बुधबारको बैठकमा जवाफ दिँदै उहाँले रोकिएको मल ल्याउन सरकारले प्रयास जारी राखेको बताउनुभयो । मन्त्रिपरिषद्को निर्णयअनुसार भारत सरकारसँग सम्झौता गरेर मल आयात गर्न लागिएको उहाँको भनाइ छ ।

पाँच लाख ५४ हजार मेट्रिकटन मल चालु आर्थिक वर्षमा आयात भएको छ । मल वितरणलाई पारदर्शी बनाउन कार्यविधि, २०८२ कार्यान्वयनमा रहेको उहाँले बताउनुभयो । हाल मल वितरण सूचना प्रणाली कार्यान्वयनमा रहेको मन्त्रालयले जनाएको छ । बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रले धान, गहुँ, मकै, मुसुरो, तोरीको बीउ किसानलाई उपलब्ध गराएको छ ।

मन्त्रालयले सबै भूगोल र क्षेत्रमा बीउबिजन उपलब्ध गराएको छ । मन्त्रालयले स्रोत र उन्नत बीउ उत्पादनमा अनुदानको व्यवस्था रहेको छ । उखु किसानका समस्या समाधानमा मन्त्रालय गम्भीर रहेको मन्त्री चौधरीले संसद्मा जानकारी गराउनुभयो । उहाँका अनुसार १४ वटा चिनी उद्योगसँग सम्झौता भएको छ । किसानलाई प्रतिक्विन्टल थप गरी उखुको



पैसा दिइनेछ । उखु किसानको रोकिएको भुक्तानीमध्ये हालसम्म करिब ६० प्रतिशत भुक्तानी भएको छ ।

उखु उत्पादन क्षेत्रफल विस्तारका लागि मन्त्रालयले प्रयास गरिरहेको छ । दुग्ध विकास संस्थानलाई दूध बेच्ने किसानको रु १८ करोड धमाधम भुक्तानी भइरहेको उहाँले बताउनुभयो । खाद्य व्यवस्था तथा पावर कम्पनी लिमिटेडबाट कर्णालीका स्थानीय उत्पादन खरिद गरी बिक्रीवितरण भइरहेको छ ।

स्थानीय तहलाई सामुदायिक पशु चौपाया व्यवस्थापनको जिम्मेवारी दिइएकामा स्थानीयस्तरमा बनेका गौशालालाई पृष्ठपोषण गरिनुपर्ने उहाँले बताउनुभयो । सामुदायिक पशु व्यवस्थापनमा अन्तरपालिका समन्वयको काम गर्न लागिएको छ । पशु ऐन मस्यौदा भइरहेको मन्त्री चौधरीले बताउनुभयो । उहाँका अनुसार रैथानेबाली प्रवर्द्धन कार्यक्रम ५८ पालिकामा भइरहेको छ । उन्नत बीउ कार्यक्रम काठमाडौँ उपत्यकाका १० वटा पालिकामा सञ्चालनमा रहेको छ ।

वनबाट वार्षिक तीन करोड घनमिटर काठ उत्पादन हुने गरेकामा काठमा आत्मनिर्भर हुने विश्वास लिइएको छ । अतिक्रमित निकुञ्ज क्षेत्रका जमिनकाबारेमा तथ्याङ्क लिन लागिएको मन्त्री चौधरीले जानकारी दिनुभयो ।

बर्दिया राष्ट्रिय निकुञ्जमा मानव-बाघ द्वन्द्वमा राहत वितरण भइरहेको छ । नेपालले न्यून कार्बन उत्सर्जन गरे पनि जलवायु परिवर्तनले उत्पन्न गराएको समस्या भोगिरहेको विश्वसमुदायमाझ राखी समाधानका लागि सहयोगको पहल भइरहेको बताउनुभयो ।

जलवायु अनुकूलनमा काम भइरहेको र हरित कोषबाट प्राप्त रकमबाट काम भइरहेको पनि उहाँले जानकारी दिनुभयो । वातावरणीय प्रभाव मूल्याङ्कन गरी अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्ने बताउँदै मन्त्री चौधरीले वातावरण संरक्षण ऐनमा भएको व्यवस्थाअनुसार नै काम भइरहेको जानकारी दिनुभयो ।

हाल नपालमा करिब एक करोड ९० लाख किसान रहेको र ती किसानका समस्या समाधान गर्नेगरी मन्त्रालयले काम गरिरहेको जानकारी पनि उहाँले दिनुभयो । रासस

# सञ्चारमन्त्री र आइटियु क्षेत्रीय प्रतिनिधिबीच शिष्टाचार भेट

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना र संयुक्त राष्ट्रसङ्घअन्तर्गतको अन्तरराष्ट्रिय दूरसञ्चार सङ्घ (इन्टरनेसनल टेलिकम्युनिकेसन युनियन-आइटियु) को दक्षिणपूर्व एशिया तथा एशिया-प्रशान्त क्षेत्रका सदस्य राष्ट्रका लागि क्षेत्रीय प्रतिनिधि किशोरबाबु येराबल्लाबीच आज शिष्टाचार भेटवार्ता भएको छ ।

भेटवार्ताका क्रममा नेपालको डिजिटल प्राथमिकता, समावेशी 'कनेक्टिभिटी', दीगो र पहुँचयोग्य सूचना प्रविधि विकासलगायतका विषयमा छलफल भएको थियो ।

सो अवसरमा आइटियुका प्रतिनिधि येराबल्लाले नेपालले अघि सारेको डिजिटल रूपान्तरण अभियानलाई प्राविधिक, नीतिगत तथा संस्थागत सहयोगमार्फत सुदृढ बनाउन आइटियुले सहकार्य तथा सहयोग गर्न चाहेको बताउनुभयो ।

विशेषगरी डिजिटल पूर्वाधार विस्तार, क्षमता अभिवृद्धि, कानुनी तथा नियामक सुधार र ग्रामीण क्षेत्रमा डिजिटल पहुँच विस्तारमा



सहकार्य गर्न सकिने उहाँको भनाइ थियो ।

भेटवार्ताका अवसरमा सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपालले डिजिटल पूर्वाधार विकासलाई सामाजिक समावेशीकरणसँग जोडर अघि बढाइरहेको र डिजिटल विभाजन अन्त्य गर्नेगरी काम गरिरहेको बताउनुभयो ।

दुर्गम तथा जटिल भौगोलिक संरचना भएको नेपालमा सर्वसुलभ डिजिटल पहुँच विस्तार चुनौतीपूर्ण भए पनि सरकारले त्यसलाई दीर्घकालीन रणनीतिक लक्ष्यका रूपमा अघि बढाइरहेको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले अन्तराष्ट्रिय साझेदार संस्थासँग सहकार्य गर्न सरकार तयार रहेको स्पष्ट गर्नुभयो ।

"डिजिटल रूपान्तरण नेपालको प्रमुख प्राथमिकताको विषय हो । विशेषगरी डिजिटल विभाजन हटाउने, दुर्गम क्षेत्रमा 'कनेक्टिभिटी' विस्तार गर्ने र समग्र डिजिटल पूर्वाधार क्षेत्र सुधार गर्ने दिशामा सरकार केन्द्रित छ", उहाँले भन्नुभयो ।

भेटवार्ताका क्रममा सूचना प्रविधि क्षेत्रका लागि समय सुहाउँदो नीतिनिर्माण तथा नियामक संरचना सुदृढीकरण, प्रभावकारी 'स्पेक्ट्रम' व्यवस्थापन, डिजिटल समावेशीकरण तथा ग्रामीण कनेक्टिभिटीलगायत विषयमा पनि छलफल भएको थियो ।

नेपालले पछिल्लो समय डिजिटल अर्थतन्त्र विस्तार, ई-गभर्नेन्स, अनलाइन सार्वजनिक सेवा, साइबर सुरक्षा तथा डिजिटल साक्षरताजस्ता विषयलाई विकास नीतिको केन्द्रमा राख्दै आएको छ । त्यसका लागि दूरसञ्चार ऐनलगायत विद्यमान कानुनी संरचनाको संशोधन, 'डिजिटल हाइवे' अवधारणाको निर्माण तथा कार्यान्वयन, स्मार्ट गाउँ कार्यक्रम, क्षमता विकास, डिजिटल सीप अभिवृद्धि र सूचना प्रविधिमा आधारित पूर्वाधार निर्माणका क्षेत्रमा सहकार्यको सम्भावनाबारे पनि छलफल भएको थियो । रासस

# चलचित्र विधेयकलाई समयसापेक्ष र बलियो बनाउन सरकार प्रतिबद्ध छः सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा बिक्रम तिमिल्सिनाले राष्ट्रियसभाबाट प्रतिनिधिसभामा आएको चलचित्र विधेयक २०८२ लाई समयसापेक्ष, आधुनिक र चलचित्र क्षेत्रलाई उकास्ने खालको बनाउन सरकार गम्भीर रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा चलचित्र विधेयकमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिँनुहुँदै सञ्चारमन्त्री तिमिल्सिनाले सरकारले विधेयकको मर्म र उद्देश्यलाई ध्यानमा राख्दै सांसदहरूले दिएका सुझावलाई रचनात्मक रूपमा ग्रहण गर्ने बताउनुभयो ।

उहाँले चलचित्र क्षेत्रसँग सम्बन्धित विभिन्न व्यक्तित्वसँग आफूले निरन्तर छलफल गरेर सुझाव लिँदै आएको उल्लेख गर्दै विधेयकमा समेटिनुपर्ने विषय, चलचित्र क्षेत्रको वर्तमान आवश्यकता, सरकारप्रतिको अपेक्षा तथा कानुनी सुधारका पक्षबारे सरकार सजक रहेको बताउनुभयो ।

"यो विधेयक अहिलेको समयअनुसार भयो कि भएन ? चलचित्र क्षेत्रले के खोजिरहेको छ ? र सरकारसँग के अपेक्षा गरेको छ भन्ने विषयलाई गम्भीर रूपमा लिएका छौँ", उहाँले भन्नुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले लामो समयपछि चलचित्र क्षेत्र कानुनी सुधारको प्रक्रियामा प्रवेश गरेको उल्लेख गर्दै संसदीय समितिहरुमा विज्ञहरूको सुझावलाई समेटेर विधेयकलाई थप परिमार्जित बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले चलचित्रसम्बन्धी परिभाषादेखि संरचनागत र व्यवस्थापकीय विषयसम्म आएका सुझावलाई मन्त्रालयले अध्ययन गर्ने जानकारी दिँदै आवश्यक संशोधन र सुधारका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभयो । रासस

# इरानबाट १० भारतीय नाविक रिहा




रासस/एएफपी । जुलाई २०२५ मा तेल ट्याङ्करमा इरानमा पक्राउ परेका दस जना भारतीय नाविकहरूलाई लामो कूटनीतिक प्रयासपछि रिहा गरिएको समुद्री ढुवानी क्षेत्रका अधिकारीहरूले मङ्गलबार राति जानकारी दिएका छन् । निरन्तर कूटनीतिक संवाद र संलग्नतापछि उनीहरूको रिहाइ सम्भव भएको दाबी गरिएको हो ।

भारतको समुद्री यातायात महानिर्देशालयका अनुसार एमभी हार्बर फिनिक्स जहाजका चालक दलका ती सदस्यहरूलाई जुलाई २०२५ मा जास्क बन्दरगाह नजिकै जहाज रोकिने घटनापछि इरानमा हिरासतमा राखिएको, पक्राउ गरिएको र कैद गरिएको थियो । उक्त घटनाबारे विस्तृत रूपमा स्पष्ट विवरण भने सार्वजनिक गरिएको छैन ।

महानिर्देशालयले जारी गरेको विज्ञप्तिमा ती नाविकहरूलाई अहिले रिहा गरिसकिएको छ र सुरक्षित रूपमा उनीहरूबीच पुनर्मिलन गराइएको उल्लेख छ । साथै, उनीहरूलाई छिट्टै भारत फर्काउन आवश्यक सबै प्रबन्धहरू समन्वय भइरहेको पनि जनाएको छ ।

भारत र इरानबीच लामो समयदेखि कूटनीतिक तथा ऊर्जा सम्बन्ध रहँदै आएको भए पनि भारतले संयुक्त राज्य अमेरिका र इजरायलसँग समेत घनिष्ठ सम्बन्ध कायम राख्दै सन्तुलित परराष्ट्र नीति अपनाउँदै आएको छ ।

इरानी सुरक्षा निकायहरूले खाडी क्षेत्रमा अवैध इन्धन ओसार पसारमा संलग्न जहाजहरूलाई नियमित रूपमा रोक्ने गरेको घोषणा गर्दै आएका छन् । यसै सन्दर्भमा उक्त ट्याङ्कर पनि निगरानीमा परेको हुनसक्ने अनुमान गरिएको छ ।

भारतले नाविकहरूको रिहाइका विषयमा वार्ताका क्रममा शान्त कूटनीति अपनाउँदै सार्वजनिक रूपमा न्यूनतम टिप्पणी गर्ने नीति लिएको थियो । तर, उनीहरूलाई किन पक्राउ गरिएको हो वा जहाजसँग सम्बन्धित विस्तृत कारण के थियो भन्नेबारे भारतले औपचारिक रूपमा थप विवरण दिएको छैन । जहाज ट्र्याकिङ साइटहरूका अनुसार एमभी हार्बर फिनिक्स पलाउ झण्डा भएको तेल उत्पादन ट्याङ्करको रूपमा सूचीबद्ध गरिएको थियो । यो घटनाले खाडी क्षेत्रको समुद्री मार्गमा देखिने जोखिम र जटिलताप्रति फेरि ध्यान आकर्षित गरेको छ ।

भारत विश्वकै सबैभन्दा ठूलो व्यापारिक नौसैनिक कार्यबलमध्ये एक रहेको छ, जसअन्तर्गत हजारौँ भारतीय नाविकहरू खाडी क्षेत्रका शिपिङ लेनहरूमा कार्यरत छन् ।

यसबीच, इरानले हर्मुज जलसन्धिमार्फत हुने ढुवानीमा प्रतिबन्ध कडा बनाएको छ । यस मार्गबाट विश्वको करिब २० प्रतिशत तेल र तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) ढुवानी हुने गर्दछ । यो कदम संयुक्त राज्य अमेरिका र इजरायलले फेब्रुअरी २८ मा आक्रमण सुरु गरेपछि लिइएको बताइएको छ ।

विश्वको तेस्रो ठूलो तेल आयातकर्ता भारतले आफ्नो कुल कच्चा तेलको झण्डै आधा हिस्सा हर्मुज जलसन्धि हुँदै प्राप्त गर्ने भएकाले यस क्षेत्रको सुरक्षा र स्थायित्व उसका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ ।

# हैदराबादविरुद्ध लगातार हारको श्रृंखला तोड्ने लक्ष्यमा राजस्थान



**टुडे समाचारदाता**

एजेन्सी । इन्डियन प्रिमियर लिग (आइपिएल) २०२६ को एलिमिनेटरमा आज राजस्थान रोयल्स र सनराइजर्स हैदराबाद भिड्दैछन् ।

नयाँ चण्डीगढमा हुने खेल नेपाली समयअनुसार राति ७:४५ बजे सुरु हुनेछ । दुवै टोलीका लागि यो 'गर या मर' को खेल हो । जित्ने टोली क्वालिफायर टु मा पुग्नेछ भने हार्ने टोली प्रतियोगिताबाट बाहिरिनेछ ।

आजको खेल जित्ने र गुजरात टाइटन्सबीच क्वालिफायर टु हुनेछ। क्वालिफायर वानमा हिजो गुजरातलाई हराउँदै रोयल च्यालेन्जर्स बैगलुरु (आर सिबी) लगातार दोस्रो पटक फाइनलमा पुगेको थियो ।

यो सिजन हैदराबादले राजस्थानलाई दुई पटक हराइसकेको छ । हैदराबादले पहिलो भेटमा ५७ रनले जित निकालेको थियो भने दोस्रो खेलमा २ सय २९ रन पछ्याउँदै ५ विकेटको रोमाञ्चक जित हात पारेको थियो । अहिले हैदराबाद राजस्थानविरुद्ध लगातार ६ खेल जितेको लयमा छ ।

तर राजस्थानका लागि सकारात्मक पक्ष भनेको नयाँ चण्डीगढमा उसको उत्कृष्ट प्रदर्शन हो । राजस्थानले यो मैदानमा खेलेका तीनै खेल जितेको छ । दुवै टोलीका शीर्षक्रमका ब्याटर उत्कृष्ट लयमा रहेकाले खेल निकै रोमाञ्चक हुने अपेक्षा गरिएको छ ।

राजस्थानका युवा ब्याटर वैभव सूर्यवंशीले यो सिजन विस्फोटक प्रदर्शन गरिरहेका छन् । उनले १४ इनिङमा ५ सय ८३ रन बनाइसकेका छन् । हैदराबादविरुद्ध पछिल्लो भेटमा उनले ३७ बलमै १ सय ३ रनको शानदार शतक प्रहार गरेका थिए ।

हैदराबादका अभिषेक शर्मा, इशान किशन र हेनरिक क्लासेन पनि उत्कृष्ट फर्ममा छन् । यी तीनै ब्याटरले यो सिजन लगातार आक्रामक ब्याटिङ गर्दै आएका छन् ।

राजस्थानका कप्तान रियान पराग र रविन्द्र जडेजा चोटबाट पूर्ण फिट नभए पनि खेल्ने सम्भावना छ । हैदराबादतर्फ भने कुनै ठूलो चोट समस्या छैन ।

पिच ब्याटिङका लागि अनुकूल मानिएको छ । यस मैदानमा यसअघि भएका सबै खेल पछ्याउने टोलीले जितेका छन् । त्यसैले टस जित्ने टोलीले पहिले फिल्डिङ रोज्ने सम्भावना धेरै छ ।

राजस्थानले हैदराबादविरुद्धको हारको श्रृंखला तोड्दै अघि बढ्छ कि हैदराबादले आफ्नो दबदबा कायम राख्दै क्वालिफायर टु मा स्थान बनाउँछ ।

राजस्थान रोयल्स - यशस्वी जैसवाल, वैभव सूर्यवंशी, ध्रुव जुरेल, रियान पराग (कप्तान), डोनोभान फरेरा, शुभम दुबे, रविन्द्र जडेजा, दासुन शनाका, जोफ्रा आर्चर, नान्द्रे बर्गर, यश राज पुन्जा

सनराइजर्स हैदराबाद - अभिषेक शर्मा, ट्राभिस हेड, इशान किशन, हेनरिक क्लासेन, सलिल अरोरा, आर स्मरण, नितिश कुमार रेड्डी, प्याट कमिन्स (कप्तान), शिवाङ कुमार, इशान मलिंगा, साकिब हुसेन, हर्षल पटेल/प्रफुल हिङ्गे

वैभव सूर्यवंशी - १४ इनिङमा ५८३ रन र २३२.३७ को स्ट्राइकरेट – सूर्यवंशीका लागि यो अविश्वसनीय सिजन रह्यो ।

उनले यस सिजन ५३ छक्का प्रहार गरिसकेका छन् । क्रिस गेलको एक सिजनमा सबैभन्दा धेरै छक्काको कीर्तिमान तोड्न उनलाई अझै ७ छक्का आवश्यक छ ।

हैदराबादका बलरहरूसँग उनको रोचक प्रतिस्पर्धा पनि चलिरहेको छ । पहिलो भेटमा प्रफुल हिङ्गेले उनलाई पहिलो बलमै आउट गरेका थिए । त्यसपछि अर्को खेलमा सूर्यवंशीले ३७ बलमै १ सय ३ रन बनाएर जवाफ फर्काए ।

अभिषेक शर्मा - अभिषेकले १४ इनिङमा ५ सय ६३ रन बनाएका छन् । उनको स्ट्राइकरेट २०६.२२ रहेको छ ।

यो उनको आइपिएल करियरकै उत्कृष्ट सिजन हो । यद्यपि, प्लेअफमा उनको रेकर्ड राम्रो छैन । उनले तीन प्लेअफ इनिङमा जम्मा १७ रन मात्र बनाएका छन् ।

# क्वाडलाई चीनको चेतावनी

रासस/एएफपी । पूर्वी र दक्षिण चीन सागर क्षेत्रमा बढ्दो तनाव र स्थिरताबारे क्वाड समूहका विदेशमन्त्रीहरूले व्यक्त गरेको चिन्तापछि चीनले बुधबार कडा प्रतिक्रिया जनाउँदै 'गुट निर्माण' र द्वन्द्व भड्काउने गतिविधि स्वीकार्य नहुने चेतावनी दिएको छ ।

संयुक्त राज्य अमेरिका, भारत, जापान र अस्ट्रेलियाका विदेशमन्त्रीहरू सहभागी क्वाड बैठक मङ्गलबार नयाँदिल्लीमा सम्पन्न भएको थियो । सो बैठकपछि जारी सागर र दक्षिण चीन सागरको अवस्था समग्र रूपमा स्थिर रहेको दाबी गर्नुभयो ।

उहाँले सम्बन्धित देशहरूलाई चीनसँग जोडिएका समुद्री मामिलामा हस्तक्षेप नगर्न र क्षेत्रीय शान्ति तथा स्थिरता कायम राख्ने प्रयासलाई सम्मान गर्न आग्रह गर्नुभयो । उहाँका अनुसार गुट निर्माण गर्ने, तनाव बढाउने र द्वन्द्व भड्काउने गतिविधि अन्तर्राष्ट्रिय रूपमा अलोकप्रिय छन् ।

क्वाड समूहलाई चीनले लामो समयदेखि शङ्कास्पद




संयुक्त वक्तव्यमा यस क्षेत्रमा देखिएका 'अस्थिर वा एकपक्षीय गतिविधिहरू' प्रति चिन्ता व्यक्त गर्दै ती गतिविधिहरूले क्षेत्रीय स्थिरतामा जोखिम बढाइरहेको उल्लेख गरिएको थियो । साथै, मन्त्रीहरूले सैन्य विमानहरूद्वारा हुने जोखिमपूर्ण चालचलन र दक्षिण चीन सागरमा अवरोध तथा आक्रमणका घटनाप्रति आलोचना गरेका थिए ।

चीनले क्वाडको सो अभिव्यक्तिलाई अस्वीकार गर्दै आफ्नो समुद्री क्षेत्रमा कुनै पनि बाह्य हस्तक्षेप स्वीकार्य नहुने स्पष्ट पारेको छ । चीनको विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले पत्रकार सम्मेलनमा पूर्वी चीन दृष्टिले हेर्दै आएको छ, किनभने बेइजिङले रणनीतिक रूपमा महत्त्वपूर्ण पूर्वी र दक्षिण चीन सागरका केही भूभागमा आफ्नो दाबी गर्दै आएको छ । यता फिलिपिन्स, जापान लगायतका देशहरूसँग ती जलक्षेत्रलाई लिएर निरन्तर विवाद जारी छ, जहाँ विश्वकै महत्त्वपूर्ण समुद्री व्यापार मार्गहरू पनि अवस्थित छन् ।

विश्लेषकहरूका अनुसार क्वाड र चीनबीचको यो कूटनीतिक शब्दयुद्धले क्षेत्रीय सुरक्षा संरचना र समुद्री अधिकारसम्बन्धी विवादलाई थप जटिल बनाउने सङ्केत देखिएको छ ।

# नासाको चन्द्र आधार योजना अघि बढ्यो



रासस/एएफपी । नासाले आर्टेमिस-२ को ऐतिहासिक चन्द्र उडान अघि नै चन्द्रमामा आधार निर्माणका लागि आवश्यक ल्यान्डर, रोभर र ड्रोनहरूको पहिलो चरणको योजना सार्वजनिक गर्दै चार अमेरिकी कम्पनीलाई सयौँ करोड डलरका ठेक्का प्रदान गरेको छ ।

अमेरिकी अन्तरिक्ष एजेन्सीले मङ्गलबार सार्वजनिक गरेको योजनाअनुसार चन्द्र आधार विकासको प्रारम्भिक चरणमा चन्द्र सतहमा ल्यान्डर, रोभर र ड्रोन जस्ता उपकरणहरू पठाइनेछ, जसले भविष्यको मानव बसोबास र अनुसन्धानका लागि आधार तयार गर्नेछ ।

जेफ बेजोसको कम्पनी ब्लू ओरिजिनले चन्द्रमाको दक्षिणी ध्रुव नजिक ल्यान्डर उपलब्ध गराउनेछ, जसले चन्द्र सतहमा रोभरहरू पुऱ्याउने काम गर्नेछ । ती चन्द्र भू-सवारी साधनहरू एस्ट्रोल्याब र लुनार आउटपोस्ट कम्पनीहरूले निर्माण गर्नेछन् । यस्तै, गत वर्ष सफल अवतरण गरिसकेको फायरफ्लाई एरोस्पेसले चन्द्रमामा पहिलो ड्रोन पठाउने जिम्मेवारी पाएको छ ।

नासाका अनुसार यी सबै उपकरणहरू सन् २०२८ को सुरुआतमा प्रस्तावित पहिलो मानव अवतरणअघि नै चन्द्रमामा पुगिसक्नुपर्नेछ, जसले आर्टेमिस कार्यक्रमको मानव मिशनलाई आधार प्रदान गर्नेछ ।

यसै क्रममा गत अप्रिलमा सम्पन्न आर्टेमिस-२ मिसनमा चार अन्तरिक्ष यात्रीहरूले चन्द्रमाको परिक्रमा गर्दै ऐतिहासिक यात्रा गरेका थिए । यसलाई अपोलो युगपछिको सबैभन्दा गहिरो अन्तरिक्ष यात्रा मानिएको छ । आगामी आर्टेमिस-३ मिसनमा अन्तरिक्ष यात्रीहरूले चन्द्र कक्षामा अभ्यास गर्ने योजना रहेको छ, जहाँ ब्लू ओरिजिन र एलन मस्कको स्पेसएक्सले विकास गरिरहेका ल्यान्डरहरूसँग डकिङ अभ्यास गरिनेछ ।

नासाले सन् २०२७ को मध्यतिर आर्टेमिस-३ मिसन सञ्चालन गर्ने लक्ष्य राखेको छ भने सन् २०२८ सम्ममा चन्द्रमामा मानव अवतरण गराउने योजना अघि बढाएको छ । त्यसपछि सन् २०२९ देखि सन् २०३० को बीचमा चन्द्र आधारको दोस्रो चरण सुरु हुनेछ, जसमा पावर ग्रिडसहित प्रारम्भिक स्थायी पूर्वाधार निर्माण गरिनेछ । सन् २०३० को दशकमा तेस्रो चरणमा पुगेर दीर्घकालीन बसोबासका लागि आवास संरचना तयार गर्ने लक्ष्य राखिएको छ ।

नासाको चन्द्र आधार कार्यक्रमका कार्यकारी कार्लोस गार्सिया-गालानले भविष्यको संरचना सयौँ वर्गमाइल क्षेत्रमा फैलिने र ड्रोनहरूद्वारा यसको सीमाना चिह्न लगाइने बताउनुभयो । ती ड्रोनहरूलाई 'मुनफल' नाम दिइनेछ, जसले चन्द्र आधारको परिधि निर्धारण गर्नेछ ।

नासाका प्रशासक जारेड आइज्याकम्यानले यस प्रणालीलाई अन्य अन्तरिक्ष मिशनहरूसँग समन्वयमा राखिने र अन्तर्राष्ट्रिय अन्तरिक्ष यान तथा उपकरणहरूको सम्मान गर्दै सञ्चालन गरिने बताउनुभयो । उहाँले यस विषयमा पारस्परिक सहकार्य अपेक्षित रहेको पनि उल्लेख गर्नुभयो ।

उहाँका अनुसार चन्द्र आधार केवल अनुसन्धानका लागि मात्र नभई भविष्यको मङ्गल अभियानको आधार निर्माण, वैज्ञानिक अनुसन्धान विस्तार र चन्द्र अर्थतन्त्रको विकासका लागि महत्त्वपूर्ण हुनेछ ।

"धैर्यपूर्वक प्रतीक्षा गरिरहेकाहरूका लागि यो भव्य पुनरागमन हो र हामी सुस्त हुने छैनौँ", नासाका प्रशासक आइज्याकम्यानले भन्नुभयो, "हामी त अहिले मात्र सुरु गर्दैछौँ ।" रासस

# एसियन खेलकुद छनोटः चीनको हार

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालले मलेसियामा जारी एसियाली खेलकुद महिला क्रिकेट छनोटको सुरुवात गरेको छ ।

चीनसँग १९ रनले हराउँदै जितबाट छनोटको यात्रा अघि बढाएको छ। १ सय २६ रनको लक्ष्य पछ्याएको चीनले २० ओभरमा ५ विकेट गुमाउँदै १ सय ६ रन मात्र बनाएको थियो ।

बायोमास ओभलमा त्यसअघि उपकप्तान पूजा महतोले सानदार अर्धशतक बनाएपछि पहिला ब्याटिङ गरेको नेपालले ५ विकेटको नोक्सानीमा १ सय २५ रन बनाएको छ। पूजाको ब्याटिङ नै जितको आधार बन्यो ।

अर्की ओपनर सम्झना ४ रन आउट भएपछि पूजाले रनआउट हुनुअघि ६३ रन बनाइन् । ५७ बल खेलेकी पूजाले ६ चौका प्रहार गरिन् ।

रुबि पोदारले नटआउट २२ र सोनी पाख्रिनले १८ रन बनाउनु बाहेक अन्यले दोहोरो अंकमा रन बनाउन सकेनन् । चीनकी मा रुकीले २ विकेट लिइन् ।

नेपालविरुद्ध चीनका लागि झु मिङगिउले सर्वाधिक ३०, वाङ हुइङले २१, ओपनर वि हाइटिङले १८, हो जेपिङले १५ रन बनाइन् । नेपालका लागि रिया शर्माले २, मनिषा उपाध्याय, कविता कुँवर, पूजाले समान १ विकेट लिए ।

टि ट्वान्टी चीनसँग अहिलेसम्मका ३ खेलमै नेपाल विजयी भएको छ। सन् २०१९ मा बैंककमा भएको खेलमा नेपालले पहिलो भेटमा १० विकेट र दोस्रोमा ५ रनको जित निकालेको थियो ।

जारी छनोटमा चीनले हिजो इन्डोनेसियालाई ३ विकेटले हराएको




थियो। नेपालले समूह बीमा अर्को खेल भोलि इन्डोनेसियासँग खेल्नेछ ।

६ टोलीको सहभागितामा आइतबारसम्म चल्ने प्रतियोगिताका शीर्ष ३ टोलीले यसै वर्ष जापानमा हुने २० एसियाली खेलकुदमा भाग लिने छन् ।

# अस्ट्रेलियामा मुद्रास्फीति घटेर ४.२ प्रतिशतमा



रासस/एएफपी । अस्ट्रेलियाको वार्षिक मुद्रास्फीति दर अप्रिल २०२६ मा घटेर ४.२ प्रतिशतमा पुगेको छ । यसअघि मार्च महिनामा यो दर ४.६ प्रतिशत रहेको थियो। सरकारी तथ्यांकअनुसार मुद्रास्फीतिमा केही कमी आए पनि आवास र यातायात क्षेत्र अझै मूल्यवृद्धिका मुख्य कारण बनेका छन् ।

अस्ट्रेलियाको तथ्यांक विभागले बुधबार सार्वजनिक गरेको विवरणअनुसार उपभोक्ता मूल्य सूचकाङ्कअन्तर्गत सबैभन्दा ठूलो हिस्सा ओगटेको आवास क्षेत्रको लागत एक वर्षमा ६.३ प्रतिशतले बढेको छ । बिजुलीको मूल्यवृद्धि, नयाँ घर निर्माण खर्च तथा भाडादर बढेका कारण आवास खर्चमा उल्लेख्य वृद्धि भएको जनाइएको छ ।

यातायात क्षेत्रको मूल्य पनि एक वर्षमा ६.६ प्रतिशतले बढेको छ । यद्यपि मार्च महिनामा यो वृद्धि ८.९ प्रतिशत रहेको थियो । तथ्यांक विभागका अनुसार उपभोक्ता मूल्य सूचकाङ्कका ११ समूहहरूमध्ये सात समूहमा मूल्यवृद्धिको गति अघिल्लो महिनाको तुलनामा घटेको छ, जसमा यातायात क्षेत्रको गिरावट सबैभन्दा धेरै देखिएको छ । मूलभूत मुद्रास्फीति, जसलाई अस्थिर मूल्यहरू हटाएर मापन गरिन्छ, अप्रिलसम्मको १२ महिनामा ३.४ प्रतिशत पुगेको छ । मार्चमा यो ३.३ प्रतिशत थियो। यो सूचकलाई अस्ट्रेलियाको केन्द्रीय बैंकले ब्याजदर निर्धारण गर्दा महत्वपूर्ण आधारका रूपमा प्रयोग गर्ने गर्दछ । इन्धनको मूल्यमा पनि उतारचढाव देखिएको छ । मार्चदेखि अप्रिलसम्म पेट्रोलको मूल्य ७ प्रतिशतले घटेको छ ।

यसअघि मार्चमा पेट्रोलको मूल्य ३२.८ प्रतिशतले बढेको थियो । सरकारले अस्थायी रूपमा इन्धन कर आधा घटाएका कारण मूल्यमा केही राहत आएको बताइएको छ । तर, मध्यपूर्व तनाव सुरु हुनुअघिको अवस्थासँग तुलना गर्दा इन्धन मूल्य अझै २३.५ प्रतिशतले उच्च रहेको छ ।

तथ्यांक विभागकी मूल्य तथ्यांक प्रमुखले डिजेलको मूल्य भने अप्रिलमा उल्लेख्य रूपमा बढेको जानकारी दिएकी छन् ।

तेलको मूल्यवृद्धिको असर ढुवानी तथा मालसामान ओसारपसारमा आधारित वस्तु तथा सेवाहरूमा पनि परेको देखिएको छ । यसका कारण हुलाक तथा पार्सल सेवा शुल्क एक वर्षमा १२.४ प्रतिशतले बढेको छ भने नयाँ घर निर्माण सामग्रीको लागत ४.७ प्रतिशतले वृद्धि भएको छ ।

त्यसैगरी बिजुलीको मूल्य एक वर्षको अवधिमा २२.५ प्रतिशतले बढेको छ । सरकारी सहुलियत तथा अनुदान समाप्त भएपछि विद्युत् शुल्कमा तीव्र वृद्धि भएको जनाइएको छ ।

विश्लेषकहरूका अनुसार मुद्रास्फीतिमा सामान्य कमी देखिए पनि आवास, ऊर्जा र यातायात क्षेत्रमा मूल्य अझै उच्च रहेकाले उपभोक्तामाथि आर्थिक दबाब कायम रहेको छ । यसले आगामी दिनमा अस्ट्रेलियाको मौद्रिक नीति तथा ब्याजदर निर्णयमा प्रभाव पार्न सक्ने अनुमान गरिएको छ ।

॥ हार्दिक श्रद्धाञ्जली ॥



स्व. धिरेन्द्र कुमार निधि

धनुषा निर्माण व्यवसायी संघ जनकपुरधामका सधारण सदस्य एवं निधि कन्सट्रक्सनका सञ्चालक धिरेन्द्र कुमार निधि(श्याम निधि)को मिति २०८३/०२/०२ गते अल्पायुमा देहावसान भएको खबरले हामी अत्यन्त मर्माहत भएका छौ ।आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामनागर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदन प्रकट गर्दछौ ।

रूपेश कुमार सिंह
महासचिव

एवं

अशोक कुमार चौधरी
अध्यक्ष

धनुषा निर्माण व्यवसायी संघ परिवार,जनकपुरधाम

# चिया निर्यात सहज हुँदैछ : उद्योगमन्त्री



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले भारतमा चिया निर्यातमा हुँदै आएको समस्या सहजीकरणतर्फ अघि बढेको बताउनुभएको छ ।

प्रतिनिधिसभा बैठकको शून्य, आकस्मिक र विशेष समयमा सांसदहरूले मन्त्रालयसँग सम्बन्धित विषयमा उठाएका विषयमा आजको बैठकमा जवाफ दिनुहुँदै उहाँले वार्षिक दुई करोड ६१ लाख किलो चिया उत्पादन हुने गरेकामा पछिल्लो समय निर्यातमा आएको समस्या सहजीकरणको प्रयास गरी समाधानतर्फ गएको बताउनुभयो । चिया निर्यातको ८० देखि ९० प्रतिशत भारतमा हुने गरेको पनि उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार चिया निर्यातको सहजीकरणका लागि मन्त्रालयबाट गत चैत ३० गते नै पत्राचार गरिएको छ । यससम्बन्धी समस्या र समाधानका लागि भइरहेको प्रयासका विषयमा चिया विकास बोर्डसँग वैशाख २८ गते छलफल भएको थियो । अर्थोडक्स चिया भने भारतमा मात्र निर्यात हुने गरेको छ ।


**चिया निर्यातको ८० देखि ९० प्रतिशत भारतमा हुने गरेको पनि उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार चिया निर्यातको सहजीकरणका लागि मन्त्रालयबाट गत चैत ३० गते नै पत्राचार गरिएको छ ।**

यसैगरी नयाँदिल्लीस्थित नेपाली राजदूतावासबाट भारतका सम्बन्धित मन्त्रालयसँग छलफल भएको जानकारी पनि मन्त्री गौरी कुमारीले दिनुभयो ।

नेपालबाट भारत हुँदै अन्य मुलुकमा चिया निर्यातका लागि पनि सहजीकरणको प्रयास भइरहेको छ । उपभोग्य वस्तुको अधिकतम् खुद्रा मूल्य कायम गराउन भन्सार विभागलाई जिम्मा दिइएको पनि उहाँले सुनाउनुभयो । उपभोग्य वस्तुका गुणस्तरको अनुगमन भने उपभोक्ता विभागले गर्दै आएको छ ।

सर्वोच्च अदालतको आदेशअनुसार लुम्बिनी क्षेत्रका उद्योग स्थानान्तरण गर्ने विषयमा काम अघि बढेको जानकारी पनि उहाँले गराउनुभयो । विश्वसम्पदा सूचीमा सूचीकृत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीको पर्खालबाट १५ किमीसम्मका उद्योग स्थानान्तरण गर्न सर्वोच्चले फैसला गरेको थियो । रासस

# यसवर्ष मलको अभाव हुन नदिन सांसदद्वारा सरकारको ध्यानाकर्षण



काठमाण्डु । प्रतिनिधिसभाका सांसदले यसवर्ष किसानलाई मलको अभाव हुन नदिन समयमै व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा 'रासायनिक मलको सहज एवं सुलभ आपूर्ति, मौज्दातको वर्तमान अवस्था र वितरण प्रणाली' बारे भएको छलफलमा उहाँहरुले विगतका वर्षमा जस्तै यस वर्ष कुनै बहानामा किसानलाई मलको अभाव हुन नहुने जनाउँदै समयमा प्रक्रिया अगाडि बढाउनुपर्ने धारणा राखेका हुन् ।

सांसद ज्ञानेन्द्र सिंह महताले प्रत्येक वर्ष सरकार वा सम्बन्धित निकायले मल अभावको समस्या मात्रै देखाउनेभन्दा पनि ठोस समस्या पहिचान गरी समाधानको विकल्प अपनाउनुपर्ने बताउनुभयो । सांसद वशुमाया तामाङले नेपाल कृषि प्रधान देश भए पनि मलको निम्ति सधैँभरि विदेशीसँग भर पर्नुको सट्टा मल अभावको दीर्घकालीन समाधानका निम्ति देशभित्रैको अर्ग्यानिक मल उत्पादनलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ भन्नुभयो । सांसद सन्तोष सुब्बाले अहिले पनि मलमा लगानी र व्यवस्थापनमा प्रश्न उडिरहेको उल्लेख गर्दै रासायनिक मलको विकल्पमा लाग्नुपर्ने बताउनुभयो ।

सांसद केपी खनालले भन्नुभयो, "यो वर्ष मलको अभाव हुनु हुँदैन, हरेक वर्ष बजेट भएन भन्ने ? कहिले के कहिले के भनेर किसानलाई दुःख दिनु हुँदैन, मल खरिदका निम्ति बजेट अभाव हो भने कृषि सामग्री कम्पनी लिमिटेडले सम्बन्धित कृषि मन्त्रालयलाई समयमै भन्नुपर्‍यो र यो समस्या समयमै समाधान गर्नुपर्‍यो ।" समितिका सदस्य लक्ष्मीप्रसाद पोखरेल, राजीव खत्री, पुनमकुमारी अग्रवाल, सुजाता तामाङ, सागर ढकाल र प्रेमबहादुर बयकले यो वर्ष मलको अभाव हुन नहुनेमा जोड दिनुभयो ।

समितिका सभापति अशोककुमार चौधरीले असार १५ मा किसानले पर्याप्त मल पाउने गरी तत्काल आवश्यक मल खरिद प्रक्रिया अगाडि बढाउन कृषि सामग्री कम्पनी लिमिटेडलाई निर्देशन दिनुभयो । कृषि सामग्री कम्पनी लिमिटेडले भने देशमा हुने मलखादको मागबमोजिम अनुदान बजेट एवम् वार्षिक खरिद परिमाण नतोकिँदा किसानको मागबमोजिम मल उपलब्ध गराउन नसकिएको जनाएको छ ।

लिमिटेडका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले अन्तरराष्ट्रिय बजारमा रासायनिक मलको मूल्य साप्ताहिक रुपमा परिवर्तन भइरहने तर सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको प्रावधानबमोजिम मल खरिद प्रक्रियामा धेरै समय (करिब २२१ दिन) लाग्ने भएकाले समयमै मल आपूर्ति गर्न कठिनाइ भएको समितिसमक्ष जानकारी गराउनुभयो ।

रासायनिक मलखाद बफर स्टकका रुपमा भण्डारण गर्नका लागि गोदाम भण्डारण क्षमता वृद्धि गर्नुपर्ने भएको तर गोदाम निर्माणका लागि कम्पनीसँग बजेटको अभाव रहेको, कम्पनीको बीउ प्रशोधन कारखानाहरु पुराना जीर्ण भई प्रभावकारी रुपमा बीउ प्रशोधन गर्न कठिनाइ हुनु र नयाँ कारखाना स्थापना गर्न बजेटको अभाव रहेको कम्पनीको भनाइ छ । उहाँले अनुदान बजेटमा वृद्धि गरी आपूर्ति परिमाण कम्तीमा ६ लाख मट्रिक टन हुनुपर्ने पनि बताउनुभयो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले मन्त्रालयलले आफूसँग भएका सबै विकल्प अपनाएर भए पनि क्षमताले भ्याएसम्म यो वर्ष किसानलाई मलको अभाव हुन नदिने प्रतिबद्धता वयक्त गर्नुभयो । रासस

# पेट्रोलियम पदार्थको खपत क्रमशः घट्दो



काठमाण्डु । विद्युत्को खपत बढ्सँगै पेट्रोलियम पदार्थको खपत क्रमशः घट्दै गएको पाइएको छ । देशभरका झण्डै ९९ दशमलव एक प्रतिशत जनसङ्ख्यामा विद्युत् पहुँच पुगेको छ । सहरी क्षेत्रमा विद्युत् खपत क्रमशः बढ्दै गएको छ । सहरी क्षेत्रमा विद्युतीय चुल्होको प्रयोग बढ्दै जाँदा खाना पकाउने ग्यासको खपत क्रमशः घट्दै गएको छ ।

आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार चालु आवको फागुन मसान्तसम्म पेट्रोल र डिजेलको खपत गत आवको सोही अवधिको तुलनामा क्रमशः १० प्रतिशत र नौ दशमलव नौ प्रतिशतले घटेको छ ।

विद्युतीय खपत बढ्दै जाँदा पेट्रोलियम पदार्थको आयात घट्दै जाने देखिन्छ । यस्तै, आर्थिक सर्वेक्षणअनुसार कर्णाली प्रदेशका केही गाउँपालिका र सुदूरपश्चिम प्रदेशको केही गाउँपालिकाबाहेक अन्य स्थानमा विद्युतीय पहुँच पुगेको छ । विद्युतीय पहुँच पुगेको स्थानमा गुणस्तरीय र भरपर्दो विद्युत् सेवा उपलब्ध गराउनुपर्ने चुनौती कायमै छ । त्यसका लागि सरकारले प्रयास गरिरहेको छ । एकाध वर्षभित्रै शतप्रतिशत घरधुरीमा विद्युत् सेवा पुर्‍याउने र थप गुणस्तरीय बनाउने छ ।रासस

# अर्थतन्त्रमा सकारात्मक सङ्केत, संरचनागत चुनौती कायमै




काठमाण्डु । मुलुकको अर्थतन्त्रमा केही सकारात्मक सङ्केत देखिए पनि संरचनात्मक चुनौती अझै पनि कायम रहेको सरकारको प्रतिवेदनले उल्लेख गरेको छ ।

नेपालको बाह्य क्षेत्र सुदृढ बन्दै गएको, मुद्रास्फीति नियन्त्रणमा रहेको र विप्रेषणमा उल्लेख्य वृद्धि भएको सर्वेक्षणले देखाएको छ । तर, पुँजीगत खर्च कमजोर रहनु, व्यापार घाटा बढ्नु, सार्वजनिक ऋण विस्तार हुनु तथा निजी क्षेत्रको कर्जा प्रवाह सुस्त रहनु अर्थतन्त्रका प्रमुख चुनौतीका रूपमा देखिएका छन् ।

आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार सामाजिक पूर्वाधार, सुशासन, सार्वजनिक वित्त, मौद्रिक अवस्था र बाह्य क्षेत्रको समग्र चित्र प्रस्तुत गर्दै सरकारले आगामी बजेटको आधार तयार गरेको देखिन्छ ।

नेपालको अर्थतन्त्र चालु आर्थिक वर्षमा तीन दशमलव ८५ प्रतिशतले विस्तार हुने अनुमान गरिएको छ । यस्तै, नेपालको अर्थतन्त्रको आकार रु ६६ खर्ब पुग्ने तथा प्रतिव्यक्ति कुल राष्ट्रिय आय एक हजार ५३५ अमेरिकी डलर पुग्ने अनुमान छ ।

कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४ प्रतिशत र गैर कृषि क्षेत्रको योगदान ७६ प्रतिशत रहने अनुमान गरिएको छ । प्रदेशगत रूपमा बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३६ दशमलव सात प्रतिशत रहने अनुमान छ ।

चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति दुई दशमलव १३ प्रतिशत कायम रहेको छ, जुन अपेक्षाकृत नियन्त्रणमा रहेको मानिन्छ ।

सङ्घीय राजस्व तीन दशमलव दुई प्रतिशतले बढेको भए पनि पुँजीगत खर्चमा अपेक्षित सुधार हुन सकेको छैन । चालू आवको फागुन मसान्तसम्म सरकारले आन्तरिक तथा बाह्य ऋणमार्फत करिब रु तीन खर्ब सार्वजनिक ऋण परिचालन गरेको छ । यस अवधिमा वित्त सन्तुलन रु ५९ अर्ब र प्राथमिक सन्तुलन रु नौ अर्ब घाटामा रहेको उल्लेख गरिएको छ ।


गत फागुनसम्ममा सार्वजनिक ऋण बढेर रु २८ खर्ब ७८ अर्ब पुगेको छ, जुन कुल गार्हस्थ उत्पादनको ४३ दशमलव छ प्रतिशत बराबर हो ।

व्यापार घाटा ११ दशमलव दुई प्रतिशतले बढेर रु १० खर्ब ९८ अर्ब पुगेको छ । यस्तै, विप्रेषण आप्रवाह ३७ दशमलव सात प्रतिशतले वृद्धि भई रु १४ खर्ब ५० अर्ब पुगेको छ । जसले बाह्य क्षेत्रलाई बलियो बनाएको छ ।

शोधनान्तर स्थिति रु छ खर्ब ५८ अर्ब बचतमा तथा चालु खाता रु पाँच खर्ब ५३ अर्ब बचतमा रहेको छ । विदेशी विनिमय सञ्चिति रु ३४ खर्ब १४ अर्ब पुगेको छ । जसले १८ दशमलव पाँच महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने क्षमता रहेको सर्वेक्षणमा उल्लेख छ ।

बैंकिङ क्षेत्रमा पर्याप्त तरलता भए पनि निजी क्षेत्रतर्फ कर्जा विस्तार केबल छ दशमलव सात प्रतिशतमा सीमित रहेको छ । त्यसले निजी लगानी र आर्थिक गतिविधि अझै सुस्त रहेको सङ्केत गरेको छ । रासस

# पूर्वाधार विस्तारमा प्रगति, सडक सञ्जाल ३६ हजार ८०० किलोमिटर नाघ्यो



काठमाण्डु । मुलुकको आर्थिक तथा सामाजिक विकासको आधार मानिने भौतिक पूर्वाधार, यातायात तथा सञ्चार क्षेत्रमा पछिल्ला वर्षमा लगानी विस्तारसँगै सडक सञ्जाल, रणनीतिक मार्ग तथा डिजिटल पहुँचमा उल्लेख्य प्रगति भएको देखिएको छ ।

आर्थिक सर्वेक्षण २०८२/८३ ले सडक निर्माण, राष्ट्रिय गौरवका आयोजना तथा सञ्चार पूर्वाधार विस्तारमा प्रगति भएको देखाएको छ । सर्वेक्षणअनुसार सङ्घीय सरकारबाट निर्मित कालोपत्रे सडकको घनत्व १३८.७ मिटरप्रति वर्ग किलोमिटर पुगेको छ । साथै डिजिटल टेलिभिजनको पहुँच ८२ प्रतिशत घरधुरीसम्म पुगेको छ भने मोबाइल टेलिफोन ग्राहकको घनत्व जनसङ्ख्याको १०३.२ प्रतिशत पुगेको छ ।

विसं २०८२ फागुनसम्म रणनीतिक तथा स्थानीय सडक सञ्जाल गरी कूल ३६ हजार ८०६ किलोमिटर सडक निर्माण भएको छ । यसमध्ये २० हजार ४५६ किलोमिटर कालोपत्रे, सात हजार ६०२ किलोमिटर ग्राभेल र आठ हजार ७४८ किलोमिटर कच्ची सडक रहेका छन् । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कूल सडक लम्बाइ ३६ हजार २२६ किलोमिटर रहेको थियो ।

आर्थिक वर्ष २०८१/८२ मा ३०१ किलोमिटर नयाँ कच्ची सडक निर्माण भएको थियो भने एक हजार २३५ किलोमिटर सडक कालोपत्रस्तरमा स्तरोन्नति गरिएको थियो । चालु आर्थिक वर्षको फागुनसम्म ७६ किलोमिटर नयाँ सडक निर्माण, ४१३ किलोमिटर सडक कालोपत्रे स्तरोन्नति तथा १०२ पुल निर्माण सम्पन्न भएका छन् ।

राष्ट्रिय गौरवका आयोजनामा पनि उल्लेख्य प्रगति भएको छ । मध्यपहाडी (पुष्पलाल) लोकमार्गअन्तर्गत एक हजार ८७९ किलोमिटर सडकमा एक हजार ५२९ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ । त्यस्तै, १३७ पुलमध्ये ११४ पुल निर्माण सम्पन्न भएका छन् ।

हुलाकी लोकमार्गमा पनि निर्माण कार्यले गति लिएको छ । एक हजार ८५७ किलोमिटर सडक लम्बाइमध्ये एक हजार ३८१ किलोमिटर सडक कालोपत्रे भएको छ भने २५० पुलमध्ये १४३ पुल निर्माण सम्पन्न भएको छ ।

उत्तर-दक्षिण लोकमार्गअन्तर्गत कालीगण्डकी कोरिडोरमा २९२ किलोमिटर सडक कालोपत्रे भएको छ भने ३६ पुल निर्माण सम्पन्न भएका छन् । कर्णाली कोरिडोरमा सम्पूर्ण ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ भने हालसम्म ४१.५ किलोमिटर ग्राभेल सडक निर्माण भएको छ ।

कोशी कोरिडोरअन्तर्गत थप १४ किलोमिटर सडक कालोपत्रे तथा ११ पुल निर्माण सम्पन्न भएका छन् । मदन भण्डारी राजमार्गमा ७४० किलोमिटरमध्ये ३९५.५ किलोमिटर सडक कालोपत्रे भएको छ ।

ठूला सडक आयोजनामा नारायणघाट-बुटवल सडक खण्डअन्तर्गत ९५.५ किलोमिटर चार लेन सडक निर्माण सम्पन्न भएको छ । मुग्लिन-पोखरा सडकमा ७८.४ किलोमिटर चार लेन सडकमा पहिलो तहको कालोपत्रे सम्पन्न भएको छ ।

सुरुङमार्ग निर्माणतर्फ सिद्धबाबा सुरुङमार्गमा मुख्य सुरुङको एक हजार १२६ मिटर कङ्क्रिट लाइनिङको काम सम्पन्न भएको छ । नागढुङ्गा सुरुङमार्गमा टनेल संरचना निर्माण पूरा भइसकेको छ भने प्रकाश, भेन्टिलेसन, अग्नि नियन्त्रण र सूचना प्रणाली जडानसम्बन्धी काम पनि सम्पन्न भएको छ ।

काठमाडौं-तराई/मधेश द्रुतमार्गमा निर्माणाधीन सातवटै सुरुङको काम जारी रहेको छ । यस आयोजनाअन्तर्गत पुल निर्माणतर्फ पनि विभिन्न चरणका संरचना निर्माण भइरहेको आर्थिक सर्वेक्षणले जनाएको छ ।

यद्यपि, पूर्वाधार निर्माणको विस्तारसँगै सडकको गुणस्तर, समयमै सम्पन्न हुने अवस्था, सडक सुरक्षा तथा दीर्घकालीन दिगोपनामा थप ध्यान दिनुपर्ने आवश्यकता औँल्याइएको छ । रासस

## आर्थिक सर्वेक्षणः

# शेयर कारोबार रकम घट्यो, सूचकाङ्क र पुँजीकरण भने सकारात्मक



काठमाण्डु । चालु आर्थिक वर्षको फागुनसम्म धितोपत्र दोस्रो बजारमा भएको कारोबार रकम गत वर्षको तुलनामा झण्डै एक तिहाइले घटेको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको आव २०८२/८३ को आर्थिक सर्वेक्षणमा चालु आवको फागुनसम्म धितोपत्र दोस्रो बजारमा रु १० खर्ब २८ अर्ब ४७ करोड बराबरको कारोबार भएको उल्लेख छ । गत आवको सोही अवधिमा यस्तो कारोबार रु १४ खर्ब ६५ अर्ब ६६ करोड थियो ।

त्यस्तै औसत दैनिक कारोबार रकम पनि गत वर्षको रु नौ अर्ब ८३ करोडबाट घटेर रु सात अर्ब ४५ करोडमा झरेको छ । कारोबार भएका धितोपत्रको सङ्ख्या २७ दशमलव २ प्रतिशत र कारोबार सङ्ख्यामा २९ दशमलव ८ प्रतिशतले घटेको छ ।

अघिल्लो आवको तुलनामा नेप्से सूचकाङ्क र बजार पुँजीकरण भने सकारात्मक छ । चालु आवको फागुन मसान्तमा नेप्से परिसूचक २८२० दशमलव ४५ विन्दु कायम भएको छ, जुन गत वर्षको २७३६ दशमलव ४९ विन्दुको तुलनामा बढी हो ।

त्यसैगरी फागुन मसान्तसम्म कूल बजार पुँजीकरण अघिल्लो आवको सोही अवधीको तुलनामा चार दशमलव ४२ प्रतिशतले वृद्धि भई रु ४७ खर्ब ४४ अर्ब ७३ करोड पुगेको छ।अघिल्लो आवको सोही समयमा कुल बजार पुँजीकरण रु ४५ खर्ब ४३ अर्ब ८१ करोड थियो ।

कूल जनसङ्ख्याको २६ प्रतिशत डिम्याट खाता खुल्यो

सार्वजनिक विवरणअनुसार चालु आवको फागुन मसान्तसम्म डिम्याट खाता खोल्नेको सङ्ख्या ७६ लाख ३९ हजार पुगेको छ। जुन कूल जनसङ्ख्याको २६ दशमलव दुई प्रतिशत हो । यो सङ्ख्या २०८२ असारसम्म ६९ लाख ९७ हजार थियो । त्यस्तै २०८२ असार मसान्तसम्म मेरो शेयर खाताको सङ्ख्या ५९ लाख ७६ हजार रहेकामा फागुनसम्म ६६ लाख १३ हजार पुगेको छ ।

**दोस्रो बजारमा कारोबार गर्ने बढे**

धितोपत्र दोस्रो बजारमा कारोबार गर्ने लगानीकर्ताको सङ्ख्या बढेको छ । सार्वजनिक विवरणअनुसार चालु आवको फागुनसम्म दोस्रो बजारमा अनलाइन कारोबारका लागि लग-इन लिने लगानीकर्ताको सङ्ख्या ३१ लाख ८२ हजार ४६२ रहेको छ । गत आवको सोही अवधिमा यस्तो सङ्ख्या २५ लाख ४९ हजार ६९६ थियो । रासस

# उद्योग दर्ता १२ प्रतिशतले बढ्यो

काठमाण्डु । मुलुकमा औद्योगिक तथा लगानीमैत्री वातावरण अभिवृद्धि हुँदै गएपछि उद्योग दर्ता करिब १२ प्रतिशतले बृद्धि भएको छ । विसं २०८१ फागुनसम्म नौ हजार ९६३ उद्योग दर्ता भएकामा २०८२ को सोही अवधिमा ११ हजार १४० वटा उद्योग दर्ता भएका छन् ।

प्रतिनिधिसभाको आजको बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षणअनुसार ठूला, मझौला र साना उद्योगको हिस्सा क्रमशः १३.९, २०.० र ६६.१ प्रतिशत रहेको छ ।

विसं २०८२ असारसम्म उद्योग विभागमा दर्ता भएको उद्योगको स्वीकृत लगानी रु ३३ खर्ब ३७ अर्ब ८० करोड रहेकामा चालु आवको फागुनसम्म रु तीन खर्ब ८९ अर्ब ७४ करोड थप लगानी स्वीकृत भएको छ । सो अवधिसम्म रु ३७ खर्ब २७ अर्ब ५४ करोड उद्योगका लागि लगानी स्वीकृत भएको छ ।

चालु आवको फागुन मसान्तसम्म ९२१ नयाँ उद्योग दर्ता भएका छन् । यस्ता उद्योगको सञ्चालनबाट ३९ हजार ५४६ रोजगारी सिर्जना हुने अनुमान गरिएको छ ।

गत आवको सोही अवधिमा ४३८ उद्योगको रु एक खर्ब ७१ अर्ब ३६ करोड लगानी भएको छ ।रासस

# दूध किसानलाई १२ करोड

काठमाण्डु । दुग्ध विकास संस्थान (डिडिसी)ले भुक्तानी नपाएका दूध किसानलाई रु १२ करोड भुक्तानी गरेको छ ।

पछिल्लो चार महिनाको करिब ५८ करोडमध्ये बक्यौता दायित्व १२ करोड रुपैयाँ भुक्तानी भएको डिडिसीले जनाएको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालय, दुग्ध विकास संस्थान (डिडिसी) को सुधारको कार्य योजना ल्याएपछि हाल किसानलाई दैनिक रु एक करोड भुक्तानी भइरहेको मन्त्रालयले जनाएको छ ।

निजी क्षेत्रका डेरी उद्योगले किसानलाई रु तीन अर्ब र सरकारी निकाय दुग्ध विकास संस्था (डिडिसी) ले रु ४६ करोड भुक्तानी गर्न बाँकी रहेको बताइन्छ । रासस

UK International Development
Partnership | Progress | Prosperity
Social Development Direct
PLAN INTERNATIONAL
Until we are all equal

## FCDO RIVA अनुदान सुविधाको सुरुवात

FCDO को अनुदानमा सञ्चालित अधिकार, समावेशीकरण, आवाज र एजेन्सी (रिभा) लैङ्गिक समानता, अपाङ्गता समावेशीकरण तथा सामाजिक समावेशीकरण प्राविधिक सहायता र अनुदान सुविधाले **समावेशी स्थानीय नेतृत्व** विषयअन्तर्गत व्यक्ति र संस्थाहरूलाई सहयोग गर्न उत्प्रेरक अनुदान प्रदान गर्ने योजना गरिरहेको छ ।

तपाईंले अनलाइन फाराम प्रयोग गरेर वा डाउनलोड गरेको फाराम इमेल गरेर वा भिडियो मार्फत अवधारणा-पत्रहरू पेस गर्न सक्नुहुन्छ । थप जानकारीका लागि, कृपया यस लिङ्कमा जानुहोस्: https://tinyurl.com/RIVAgrants

छनोटका लागि दुई चरणीय प्रक्रिया हुने छन् - पहिलो चरणमा **बुधवार, १० जुन २०२६, नेपाली समय अनुसार राति ११:५९ बजेसम्म** अवधारणा पत्र बुझाउनुपर्ने छ । कृपया सो मितिभन्दा पहिले नै पेस गर्ने बारेमा विचार गर्नुहोस् किनकि हामी आवेदन पाउने बित्तिकै क्रमिक रूपमा समीक्षा गर्न सुरु गर्ने छौं ।

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, सा.दुवरकोट हथलेटवा वडा नं. ०४ घर भई हाल धनुषा जिल्ला कमला न.पा. वडा नं. ०१ बस्ने भुटाइ मण्डलको नाती, हरिदेव मण्डलको छोरा वर्ष ४५ को सरोज प्रसाद मण्डलको मिति २०८२/१२/२४ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४२७२८९ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको श्रीमती पुनम देवीले यस बैंक समक्ष निवेदन पेश गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुरधाम-२, धनुषा
फोन ०४१-५९०२६०/५९०२६१

# मानव अधिकारमैत्री बजेट आवश्यक : प्रदेश प्रमुख कर्ण




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले मानव अधिकार आर्थिक अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको बताएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगको २६औँ वार्षिकोत्सवको अवसरमा जनकपुरधाममा आयोजित कार्यक्रममा बोल्दै प्रदेश प्रमुख कर्णले मानव अधिकारको प्रभावकारी संरक्षणका लागि मानव अधिकारमैत्री बजेट, नीति निर्माण र त्यसको कार्यान्वयन आवश्यक रहेको बताए ।

उनले नागरिकका आधारभूत आवश्यकता पूरा नभएसम्म मानव अधिकारको अवस्था सुदृढ हुन नसक्ने धारणा राख्दै उनले मधेश प्रदेशमा मानव अधिकारको अवस्था सुधार गर्न शिक्षा र स्वास्थ्य क्षेत्रमा विशेष सुधार आवश्यक रहेको बताए ।

'मानव अधिकारको संरक्षण केवल कानुनी विषय मात्र नभई यो नागरिकको जीवनस्तरसँग पनि गाँसिएको विषय हो,' उनले भने ।

कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईँटेलले सुशासनबिना मानव अधिकारको प्रत्याभूति सम्भव नहुने बताए । राज्य अहिले सुशासन स्थापनाका लागि विभिन्न प्रयासमा जुटिरहेको उनले भने ।

महिला मानव अधिकार रक्षक सञ्जाल धनुषाकी अध्यक्ष रेखा झाले मधेशका जिल्लामा महिलामाथि हुने हिंसाका घटना अझै चिन्ताजनक रहेको बताइन् । उनले पीडकलाई कानुनी कारबाही र पीडितलाई न्याय सुनिश्चित भए मात्र मानव अधिकारको वास्तविक संरक्षण हुने उल्लेख गरिन् ।

त्यसैगरी, एडभोकेसी फोरम मधेश प्रदेशका संयोजक अधिवक्ता राज कुमार महासेठले मानव अधिकार उल्लङ्घनका घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाही गर्न राज्य गम्भीर हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयका प्रमुख बुद्धनारायण साहनीले प्रदेश कार्यालयमा हालसम्म ४३२ वटा उजुरी दर्ता भएको जानकारी दिए । तीमध्ये ७१ वटा उजुरीमा कारबाही प्रक्रिया पूरा गरी फाइल आयोगको केन्द्रीय कार्यालयमा पठाइएको उनले बताए ।

# कार्यान्वयमा आएन प्रतिवेदन, सरोकारवाला पन्छिदै

**सुभाष कर्ण**




जनकपुरधाम । भूमाफियाहरुले भगवान श्री सीतारामको नाममा रहेको जग्गा कब्जा गरी अवैध रुपमा बिक्री वितरण गरेको प्रकरणमा छानबीन समितिले प्रतिवेदन बुझाएको तीन दिन बितिसक्दा पनि कार्यान्वयनमा आउन सकेको छैन ।

जनकपुरधाम उपमहानगरपालिका ४ नापी कार्यालय धनुषा अगाडि भगवान श्री सीतारामको नाममा रहेको जग्गा किर्ते जालसाजी गरी कब्जा गरेर अवैध रुपमा खरीद बिक्री ठहर गर्दै थप तथा विस्तृत छानबीनका लागि नियामक निकायबाट गराउने प्रतिवेदनमा भनिएपनि तीन महिना बितिसक्दा पनि कार्यान्वयनमा आउने सकेको छ ।

प्रतिवेदनमा प्रष्ट रुपमा भनिएको छ – वि.सं. २०२६ सालको सर्वे नापीमा चर्तुभुज लाल कायस्तले भगवानको मूर्ति स्थापना गरी कर्णले मालिक भगवान श्री सीताराम रहने गरी आफू रेखदेख गरी जग्गा नापनक्सा गराएको र २०४१ सालमा सो जग्गा मालपोत कार्यालयबाट पारित गराएको र पछि आफ्नो भाई चन्द्रनारायण लाभ कायस्तलाई रेखदेखको जिम्मा दिएको थियो । पछि त्यो जग्गाहरु चतर्भुज लाभ कायस्तका छोरा सुरेन्द्र कुमार लाभले किर्ते जालसाजी गरी आफ्नो संरक्षक बनेर अवैध रुपमा खरीद बिक्री गरेको हो ।

प्रतिवेदनको पांचौ नम्बर बुँदामा शहरी नापी (२०४४/०४५) अनुसार साविक जनकपुर न.पा. वडा नं.४ ख कि.नं.१६६ मध्ये हाल जनकपुर न.पा. वडा नं.४ सिट नं.१३९६-१८ कि.नं.५ को ०-२-५-० पोखरी र ऐ.ऐ. को सिट नं. १३९६-१७ कि.नं.६० को ०-०-१९-२ र ऐ.ऐ.सा.कि.नं.१४४ मध्ये हाल जनकपुर न.पा. बंडा नं.४ सिट नं. १३९६-२२ कि.नं.५७ को ०-९-१९-२ जग्गा मालिक श्री सिताराम मार्फत चन्द्र नारायण लाभ कायस्तको नाउँमा जग्गाधनी दर्ता स्रेस्ता रहेको छ ।

सोही जग्गाको मालिक श्री सिताराम मार्फत सुरेन्द्र कुमार लाभको नाउँमा मिसिल नं. ७१४ मिति २०७५/०९/१३ बाट नामसारी गर्ने क्रममा स्रेस्तामा फोटो अप्रमाणित फोटो टाँस, ना.प्र.नं. कायम गरिएको कैफियत काटिएको, रातो मसिले संकास्पद लेखिएको भनि मोठ फाँटबाट मोठ भिडेको अवस्थामा पनि नामसारी निर्णय भएको देखिन्छ ।

सुरेन्द्र आफू संरक्षक भएपछि २०७६/०२/०२ का दिन सिट नं. १३९६-१७ कि.नं.६० को ०-०-१९-२ पोखरी डिल र ऐ.ऐ.सिट नं.१३९६-१८ कि.नं. ५ को ०-२-५-० पोखरी प्रमिला देवी यादव रंजेश कुमार सिंह, पुष्पान्जली कुमारी साह, विजय कुमार सुनरैत यादव समेतको नाउँमा अवैध रुपमा बिक्री गरी दर्ता गरिदिएको हो ।

सो जग्गामा पोखरी र पोखरीको डिल रहेको थियो । ती पोखरी पुरेर आ आफ्ना श्रीमतिको नाममा जग्गा खरीद गरेका एजुकेश प्वाईन्ट बोर्डिङ्ग स्कूलका सञ्चालक सुकेश्वर यादव र श्रीराम जानकी कोचिङ्ग सेन्टरका सञ्चालक गणेश साहले त्यसमा छात्रावास निर्माण गर्न लाग्दा जनकपुर टुडे सहितका विभिन्न सञ्चार माध्यमले समाचार बाहिर ल्याउंदा घटना सार्वजनिक भएको थियो । घटना सार्वजनिक भए लगतै जिल्ला प्रशासन कार्यालयद्वारा मालपोत कार्यालयका अधिकृत सिंहलाल स्याङ्वाको संयोजकत्वमा नापी कार्यालयका प्रमुख उमेश साह र गुठी संस्थान धनुषाका प्रमुख किशोर कुमार झा सदस्य रहने गरी तीन सदस्यीय छानबीन समिति गठन गरिएको थियो । सो समितिले गरेको छानबीनमा वडा नं.४ कै पिडरिया माई मन्दिर नजिक रहेको सिट नं. १३९६-२२ कि.नं. ५७ को ०-९-१९-२ जग्गा सुरेन्द्रले आफू संरक्षक भई २०७६/०२/०१ गते दिन अवैध रुपमा बिक्री गरी रूनी देवी यादव, रोशन यादव पुष्पान्जली कुमारी साह पुनम कुमारी समेतको नाममा दर्ता गरिदिएको फेला परेको थियो । हाल सो जग्गा गणेश साह सञ्चालक रहेको श्री रामजानकी कोचिङ्ग लगायतका शैक्षिक संस्थाहरु संचालनमा रहेको छ ।

तीन महिना बितिसक्दा पनि अहिलेसम्म प्रतिवेदन के कति कारणले कार्यान्वयनमा नआएको बारे प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले भने 'प्रतिवेदनमा उल्लेख भए अनुसार थप तथा विस्तृत अनुसन्धानका लागि नापी र मालपोत कार्यालयलाई सोही बेला भनिसकेको र उहाँहरुले आ आफ्नो माथिल्लो निकायमा पत्राचार गरिसकेको आफूलाई जानकारी गराइएको हो । माथिल्लो निकायले कहिलेदेखि छानबीन थाल्ने ती कुरा उहाँहरुसँग नै सोध्नु ।'

यता मालपोत कार्यालयका प्रमुख सरुवा भइसकेको कारण सम्पर्क हुन सकेको छैन भने नापी कार्यालय धनुषाका प्रमुख उमेश साहले यस सम्बन्धमा अमिन प्रदीप साहलाई थाहा होला भनेर पल्ला झारेका छन् । अमिन साहलाई पटक पटक फोन गर्दा सम्पर्क हुन सकेन । श्रोतका अनुसार मालपोत र नापी कार्यालयबाट कुनै प्रक्रिया अघि नबढाइएको बुझिएको छ ।

# अस्पतालहरुमा एन्टीरेबिजको आभाव

**टुडे समाचारदाता**

जनकपुरधाम । कुकुरले टोक्दा लगाइने एन्टिरेबिज भ्याक्सिन (एआरभी) मधेश प्रदेशका अस्पतालहरुमा गत चार महिनादेखि आभाव रहेको छ । प्रदेशका ४४ वटा अस्पताल तथा स्वास्थ्य संस्थामा गत फागुन महिनादेखि नै भ्याक्सिन छैन ।



सरकारी अस्पतालमा निःशुल्क पाइने सो भ्याक्सिन कुकुरले टोकेका बिरामी निजी स्वास्थ्य संस्थाबाट महँगोमा खरिद गरी भ्याक्सिन लगाउन बाध्य छन् । गतसाता बर्दिबासबाट कुकुर टोकेका आएका एक बिरामी प्रादेशिक अस्पताल जनकपुरधाममा एन्टीरेबिज उपलब्ध नभएपछि उनी बिरामी लिएर तत्कालै काठमाडौतिर लागेका थिए ।

यस्तै लालबन्दी नगरपालिका-१६, परवानीपुरकी लक्ष्मी रायमाझीले आफ्ना ससुरालाई कुकुरले टोकेपछि भ्याक्सिन लगाउन सोमबार नगर अस्पताल लालबन्दी पुग्दा भ्याक्सिन नपाएपछि बाहिरको औषधी पसलबाट खरिद गरेर लगाउनु परेको गुनासो गरेका छन् । बाहिर किन्दा एक डोज एन्टिरेबिज भ्याक्सिनलाई छ सयदेखि सात सय रुपियाँसम्म पर्छ ।

नगर अस्पताल लालबन्दीका मेडिकल सुपरिन्टेन्डेन्ट डा. चन्दन चौधरीले एन्टिरेबिज भ्याक्निसको प्रायः अभाव नै भइरहने गरेको बताए । पछिल्लो समय गएको फागुनदेखि त भ्याक्सिनको आपूर्ति ठप्प रहेको मेसु डा. चौधरीको भनाइ छ । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट भ्याक्सिन आउँदा नगर अस्पतालका लागि प्रतिमहिना १२० भाइल कोटा तोकिए पनि कम आउने गरेको र आएको भ्याक्सिन केही दिनभित्रै सकिने गरेको उहाँले बताए ।

एन्टिरेबिज भ्याक्सिनका लागि मन्त्रालयमा पटक पटक पत्र लेखे पनि भ्याक्सिन नआएको मेसु डा. चौधरीले जानकारी दिए । प्रादेशिक अस्पताल मलङ्गवाका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. रामप्रकाश साहले प्रदेशबाटै भ्याक्सिन नआउँदा बिरामीले अत्यधिक गुनासो गर्ने गरेको बताएका छन् ।

मधेश प्रदेशका ४४ वटा स्वास्थ्य संस्थामा मासिक सात हजार पाँच सय भाइल एन्टिरेबिज खोपको कोटा रहेको छ तर संघीय सरकारले कहिले दुई हजार, कहिले दुई हजार पाँच सय त कहिले पाँच हजार भाइल खोप पठाउने गरेको छ। कोटा अनुसारको भ्याक्सिन कहिलै पनि आउँदैन । कोटाभन्दा आधा मात्र भ्याक्सिन आउँदा अभाव भइरहेको अवस्थामा गएको फागुनदेखि त संघबाटै भ्याक्सिन आपूर्ति हुन नसकेको हो ।

संघीय सरकारले प्रदेश सरकार र प्रदेश सरकारले अस्पतालमा भ्याक्सिन पठाउने प्रणाली रहेको छ। मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा एन्टिरेबिज भ्याक्सिनका लागि विनियोजन गरेको बजेटबाट खरिद गरिएको ७५९ भाइल खोप केही दिनमै सकिएको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरले जनाएको छ ।

केन्द्रका निमित्त निर्देशक डा. नागेन्द्रप्रसाद यादव संघबाट आपूर्ति नहुँदा मधेश प्रदेशभर नै एन्टिरेबिज भ्याक्सिन अभाव रहेको बताएका छ्न । भ्याक्सिनका लागि मन्त्रालयमा बारम्बार ताकेता गरेपनि केन्द्रमा आपूर्तिकर्ताले नै आपूर्ति नगर्दा समस्या परेको उनको भनाई छ ।

# जिर्ण अवस्थामा कभर्ड हल

**टुडे समाचारदाता**




जनकपुरधाम । मधेश प्रदेशको राजधानी जनकपुरधाममा एक मात्र रहेको कभर्ड हल अहिले जिर्ण अवस्थामा पुगेको छ । हलको माथिल्लो भाग गरिएको सिलिङ विभिन्न ठाउँमा टुटफुट भइकसेकाले दुर्घटनाको जोखिम बढेको छ ।

गत साता "खेली मधेश, जिती मधेश" भन्ने मूल नारासहित हालै सुरु गरिएको प्रदेशस्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिएको थियो । हलको छत चुहिने, सिलिङ झर्ने तथा हावाहुरीका कारण संरचनामा थप क्षति पुगेपछि खेल गतिविधि जोखिमपूर्ण बनेको खेलाडीहले बताएका थिए ।

हालै यही हलमा कराते प्रतियोगिताको डेमो खेलसमेत सञ्चालन गरिएको थियो । खेलाडी र प्रशिक्षकहरूले कुनै पनि बेला छतको सिलिङ खस्न सक्ने अवस्था रहेको भन्दै तत्काल मर्मतको माग गरेका छन् । उनीहरूका अनुसार हलको जीर्ण अवस्थाले खेलाडी घाइते हुने खतरा बढेको छ ।

तत्कालीन सामाजिक विकासमन्त्री सुरिता कुमारी साहको कार्यकालमा हलको छत निर्माणका लागि २५ लाख रुपियाँ बजेट विनियोजन गरिएको थियो । तर, निर्माणकै क्रममा आएको हावाहुरीले छतमा थप क्षति पुऱ्याएको थियो ।

अहिले पनि हुरीबतास आउँदा संरचना झन् कमजोर बन्दै गएको क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डे 'गुड्डु'ले जानकारी दिएका छन । उनले भने, "यस्तो अवस्थामा प्रदेशको राजधानीमा खेल सञ्चालन हुनु दुर्भाग्यपूर्ण हो । जुनसुकै बेला दुर्घटना हुन सक्छ ।"

मधेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी साह कानुले पहिला राष्ट्रिय खेलकुद परिषदको अन्तर्गत संचालन हुने गर्दा के भयो मलाई थाहा छैन । तर मधेशमा परिषद गठन भएपछि चालु आर्थिक वर्षमै मर्मतसम्भारका लागि बजेट विनियोजन भइसकेको र ठेक्का प्रक्रिया समेत सम्पन्न भइसकेकाले चाँडै मरम्मत सम्भार प्रक्रिया अघि बढाइनेछ ।

# सांसद खातुनमाथि आक्रमण



**टुडे समाचारदाता**

मलंगवा । विकास निर्माणको योजनामा अनियमितता भएको सम्बन्धमा प्रदेश सभामा आवाज उठाएक मधेश प्रदेश सांसद हसिना खातुनमाथि आक्रमण भएको आरोप लगाइएको छ ।

जनमत पार्टीका प्रदेश सांसद रहेकी खातूनमाथि आक्रमण प्रयास भएको भन्दै घटनाको सामाजिक सञ्जालसहित चौतर्फी आलोचना र विरोध भइरहेको छ ।

सांसद खातूनले प्रदेश सभाको बैठकमा योजना कार्यान्वयन नगरी भुक्तानी गरिएको विषय सार्वजनिक रूपमा उठाउंदा ठेक्कासँग सम्बन्धित व्यक्तिहरुले सर्लाहीस्थित आफ्नो घर घेराउ गर्दै आफूमाथि आक्रमण गरिएको आरोप लगाएकी छिन् ।

लोकतान्त्रिक व्यवस्थामा जनप्रतिनिधिले उठाएको विषयलाई लिएर धम्की र दबाब दिन खोज्नु गम्भीर विषय भएको भन्दै दोषीमाथि तत्काल कारबाही गर्न माग गरिएको छ । जनमत पार्टीका नेताहरूले पनि घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने बताएका छन् ।

योजनाको काम नगरी रकम भुक्तानी गरिएको आरोपबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्नुपर्ने मागसमेत उठाइएको छ । घटनाबारे स्थानीय प्रशासन र प्रहरीलाई समेत जानकारी गराइएको जनाइएको छ । प्रहरीले घटनाको विषयमा आवश्यक अनुसन्धान सुरु गरेको जनाएको छ ।

# इन्धन संकटको चिन्ताबीच चुलो अभियान

**अनिल तिवारी**



वीरगञ्ज । खाना पकाउने एलपी ग्यासको आभाव बढ्दै गएपछि वैकल्पिक उर्जाको रुपमा चुलो अभियानमा जोड दिन थालिएको छ । खाना पकाउन वैकल्पिक ऊर्जाको प्रयोग विस्तार गर्न सरकार तथा सरोकारवाला निकायहरूले जोड दिएका छन् ।

यसै सन्दर्भमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (एईपीसी) ले बुधबार बारा, पर्सा र रौतहट जिल्लाका स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूसँग स्वच्छ ऊर्जा र वैकल्पिक चुलो प्रविधिबारे वृहत छलफल कार्यक्रम आयोजना गरेको छ ।

"स्वच्छ चुलो कार्यक्रम (सीसीएस)" अन्तर्गत आयोजना गरिएको उक्त कार्यक्रममा सहभागीहरूले तराईका हरेक परिवारसम्म स्वच्छ तथा भरपर्दो ऊर्जा प्रविधिको पहुँच विस्तार गर्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा विशेषगरी खाना पकाउन प्रयोग हुँदै आएको दाउरा, कृषि अवशेष तथा एलपी ग्यासजस्ता परम्परागत तथा आयातित इन्धनको विकल्पका रूपमा विद्युतीय चुलो, सुधारिएको चुलो र घरेलु बायोग्यास प्रणालीलाई कसरी प्रभावकारी रूपमा विस्तार गर्न सकिन्छ भन्ने विषयमा गम्भीर छलफल भएको थियो ।

छलफलका क्रममा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका अध्यक्ष डा. नवराज सञ्जेलले अन्तर्राष्ट्रिय द्वन्द्व र बजार अस्थिरताले नेपालजस्तो आयातमा निर्भर मुलुकलाई सबैभन्दा बढी असर गर्ने भएकाले ऊर्जा आत्मनिर्भरतातर्फ जानुको विकल्प नरहेको बताए। उनले विद्युत् उत्पादनमा नेपालले पछिल्लो समय उल्लेखनीय प्रगति गरेकाले अब घरायसी प्रयोगमा विद्युतीय चुलोको पहुँच बढाउनुपर्ने आवश्यकता रहेको धारणा राखेका थिए ।

एईपीसीका अनुसार हरित जलवायु कोषको आर्थिक सहयोगमा सञ्चालन भइरहेको "स्वच्छ चुलो कार्यक्रम" पाँच वर्षसम्म सञ्चालन हुनेछ । आर्थिक वर्ष २०८०/८१ देखि २०८४/८५ सम्म सञ्चालन हुने कार्यक्रमअन्तर्गत तराईका २२ जिल्लाका २८४ स्थानीय तहमा स्वच्छ ऊर्जा प्रविधिको विस्तार गरिनेछ ।

तराई मधेशका विपन्न परिवारका लागि सुधारिएको धुवाँरहित चुलो प्रभावकारी र उपयोगी विकल्पका रूपमा अघि आएको सरोकारवालाहरूले बताएका छन्। कार्यक्रममा सुधारिएको चुलोले कम दाउरा, गोइठा तथा भुसबाट तयार गरिएको प्लेट प्रयोग गरी धुवाँरहित रूपमा खाना पकाउन सकिने जानकारी गराइएको हो ।

कार्यक्रममा सहभागी विज्ञहरूले परम्परागत चुलोबाट निस्कने धुवाँले महिलाहरू र बालबालिकाको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउँदै आएको उल्लेख गर्दै सुधारिएको चुलोले त्यस समस्यालाई न्यूनीकरण गर्ने बताएका थिए । हस्कस कम्पनीका प्रबन्ध निर्देशक मनोज गुप्ताले सुधारिएको चुलो जुनसुकै समय र स्थानमा पनि सहज रूपमा प्रयोग गर्न सकिने बताए।

धुवाँरहित भान्साले श्वासप्रश्वास सम्बन्धी रोगको जोखिम घटाउने र घरभित्रको वातावरण स्वच्छ बनाउने भएकाले यसको प्रयोग विस्तार गर्न आवश्यक रहेको कार्यक्रममा जोड कार्यक्रमा दिइएको थियो ।

कार्यक्रमले झापा, मोरङ, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, चितवन, नवलपरासी पूर्व-पश्चिम, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर लगायतका जिल्लालाई समेटेको छ ।

एईपीसीका पदाधिकारीहरूका अनुसार कार्यक्रममार्फत तराईका १ सय ५० भन्दा बढी स्थानीय तहका करिब १० लाख परिवारलाई क्रमशः वैकल्पिक ऊर्जाको पहुँचमा ल्याउने लक्ष्य राखिएको छ । यसका लागि विद्युतीय चुलो, सुधारिएको चुलो तथा ४ घनमिटर क्षमताका घरेलु बायोग्यास प्लान्ट जडान गरिनेछ ।

विशेषगरी स्वच्छ चुलो प्रविधिमा पहुँच नभएका तथा सीमित पहुँच भएका विपन्न घरपरिवारलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिने बताइएको छ । कार्यक्रमले ग्रामीण क्षेत्रमा धुवाँरहित भान्सा निर्माण गर्न मद्दत पुग्नुका साथै महिलाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

कार्यक्रममा सहभागी स्थानीय तहका प्रतिनिधिहरूले पनि वैकल्पिक ऊर्जाको प्रयोग विस्तार गर्न स्थानीय सरकार तयार रहेको बताएका थिए । उनीहरूले विद्युत् पहुँच पुगेका क्षेत्रमा विद्युतीय चुलोको प्रयोग बढाउन तथा गोबर ग्यास प्लान्ट जडानका लागि जनचेतना आवश्यक रहेको धारणा राखेका थिए ।

पटेर्वा सुगौली गाउँपालिकाकी उपाध्यक्ष ममता महतोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका अध्यक्ष डा. नवराज सञ्जेल, महारुद्र समूहका गौरव दाहाल तथा ब्भ्एत्रः मधेस प्रदेशका प्रमुख महानन्द चौधरीलगायतका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

**सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं ।**

- राति हिँड्दा टर्च/बत्तीको प्रयोग गरौं,
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
- अस्पतालमा सर्पदंश विरुद्धको उपचार उपलब्ध हुन्छ ।

समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८